## विशेष इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा. न्या.श्री कल्याण श्रेष्ठ र मा. न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको रिट नं. ९३, उत्प्रेषण, *सरस्वती राणा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२०२१ सालमा जारी भएको भूमिसम्बन्धी ऐनले ४६ वर्षको कालखण्डमा कतिपय व्यवहारहरूलाई मौलिक रूपबाट र कतिपय व्यवहारहरूलाई संशोधित रूपबाट नियमित गरिआएको परिप्रेक्ष्यमा ती व्यवहारहरूको वैधतालाई समेत प्रभावित तुल्याउने गरी हाल आएर उक्त ऐनको हदबन्दीसम्बन्धी मौलिक व्यवस्थालाई नै असंवैधानिक घोषित गरिपाऊँ भन्ने दावी न्याय र औचित्यको दृष्टिकोणबाट समेत पुग्न नसक्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६२ सालको रिट नं.९२, उत्प्रेषण समेत, *सरस्वती राणा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. WO-०००५, उत्प्रेषण परमादेश समेत, *विजय क्रान्ति शाक्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा गरिएको तेस्रो संशोधनले लोकसेवा आयोगको प्रक्रिया पूरा गरी स्वास्थ्य सेवाको छैठौं तहमा नियुक्ति भएका कर्मचारीलाई र सो प्रक्रिया पूरा नगरी छैठौं तहमा नियुक्ति भएका वा स्वतः स्तर वृद्धि भएका कर्मचारीलाई स्तर वृद्धिका सम्बन्धमा फरक-फरक व्यवस्था गरे पनि सो व्यवस्था छैठौं तहमा भएको नियुक्तिको प्रक्रियाको आधारमा वर्गीकरण गरी असमान समूहबीच समान व्यवहार गर्ने र प्रत्येक समूहलाई समान संरक्षण गर्ने प्रयोजनका लागि गरेको देखिँदा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा तेस्रो संशोधन गरी ऐनको दफा ९(२), दफा ९(७क) (च) र दफा २६क(२) मा गरिएको संशोधन संविधानको समानताको हक र पेशा रोजगार व्यवसाय गर्न पाउने हकसँग बाझिएको नदेखिँदा ती व्यवस्था बदर गर्नुपर्ने देखिएन । त्यसैगरी निवेदकहरू लोकसेवा आयोगको प्रक्रिया पूरा गरी छैठौं तहमा नियुक्ति भएको नदेखिएको अवस्थामा संशोधित ऐनको व्यवस्थाअनुसार निवेदकहरूले सातौं तहसम्म मात्र स्तर वृद्धि पाउने देखिँदा आठौं तहमा स्तर वृद्धि पाउन सक्ने पनि देखिएन । ऐनको संशोधन संविधानसँग नबाझिएको र ऐनबमोजिम निवेदकहरू आठौँ तहमा स्तरवृद्धि पाउन नसक्ने हुँदा निवेदकको मागबमोजिम रिट निवेदन जारी हुन सक्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर श्रेष्ठ,** रिट नं. २०६६-WF-०००७, उत्प्रेषण परमादेश, *नरेन्द्रप्रसाद कोइराला समेत वि. लोकसेवा आयोग के.का.समेत*

सीमित समयको लागि कार्यपालिकाद्वारा ऐनको रूपमा जारी हुने अस्थायी वा वैकल्पिक प्रकृतिको अध्यादेशको कानूनी व्यवस्था बहाल रहेको अवस्थामा उत्पत्ति भएको वा सोबमोजिम प्रारम्भ गरिएको कारवाहीको प्रक्रिया अध्यादेशको अवधि समाप्त भई निष्क्रिय रहेको अवस्थामा उक्त शुरू भएको प्रक्रिया वा कामकारवाही अन्त्य नभएसम्म सो अध्यादेशको व्यवस्थाअनुसार भएको कामकारवाही सम्पन्न नहुँदै निष्क्रिय भएको कारणले साविकमा रहेको कानूनी व्यवस्था नै लागू हुने भनी व्याख्या गर्नु कानून व्याख्यासम्बन्धी ऐनको व्यवस्थाविपरीत हुने ।

जारी भएको अध्यादेशको अवधि समाप्त भई ऐनको रूप लिन नसके पनि सोको परिणाम पनि ऐन खारेज भएपछिको परिणाम जस्तै हुने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः शम्भुप्रसाद साह
इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.इ.नं. ०६७-CF-०००१, भ्रष्टाचार, *पदमनाथ पोखरेल वि. नेपाल सरकार*

७२ वर्षकी वृद्ध ग्रामीण महिलाले विशेष प्रकारको OYT टेलिफोन लाइन माग गरेको, निज स्वयं कार्यालयमा उपस्थित नभएको, कसैलाई मञ्जूरनामा समेत दिई नपठाएको र निजको नागरिकता प्रमाणपत्र र दरखास्तमा परेको सहीछाप समेत फरक देखिएको अवस्थामा पुनरावेदक प्रतिवादीले स्वाभाविकरूपमा सतर्क भई आवश्यक जाँचबुझ गर्नेतर्फ लाग्नुपर्नेमा सो केही नगरी जानीजानी अनियमित तवरबाट टेलिफोन लाइन जडान गर्ने आदेश गरेको देखिने ।

जानीजानी उनाउ व्यक्तिको नामबाट OYT टेलिफोन जडान गर्ने आदेश गरेको देखिन आएको र प्रतिवादीको उक्त कार्यबाट नेपाल दूर सञ्चार संस्थानलाई रू. १,०५,४९,४०५।३१ बराबरको आर्थिक क्षति हुन गएको देखिएको छ । प्रतिवादीले उनाउ व्यक्ति भन्ने जानीजानी टेलिफोन जडान गर्ने आदेश दिएको देखिएको हुँदा उक्त कार्यमा निजको बद्नियत रहेको थिएन भन्न मिल्ने भएन । राष्ट्रसेवक कर्मचारीले आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी यसरी आफू वा अरू कसैलाई गैरकानूनीरूपमा लाभ पुऱ्याउने र सरकारी स्वामित्व भएको सार्वजनिक संस्थानलाई गैरकानूनीरूपमा हानि नोक्सानी पुऱ्याउने गरी गरेको कार्य तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा १३ मा भएको भ्रष्टाचारजन्य कसूरको परिभाषाअन्तर्गत पर्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.इ.नं. ०६६-DF-००१२, मुद्दा दर्ता बदर, *तुल्सीमाया महर्जन वि. पञ्चनारायण महर्जन समेत*

व्यक्ति-व्यक्तिका बीच जग्गाको तेरो मेरोको विवाद उठी एकपटक भएको निर्णय अन्तिम भै सम्बन्धित पक्षलाई बन्धनकारी हुने सामान्य व्यवस्थाको विपरीत गुठी जग्गाको स्वरूप वा प्रकृति समाप्त हुने गरी भएको निर्णय जहिलेसुकै बदर गर्न मिल्ने ।

सर्वोच्च अदालतको मिति २०४८।५।२ को फैसलाबाट गुठी जग्गा रैकरमा दर्ता भएको भए पनि त्यस्तो लगत कट्टा गरी गुठीमा दर्ता गर्ने अधिकार गुठी संस्थानका प्रशासकीय प्रमुखलाई रहेको र सर्वे नापीमा नापनक्सा भएका मोहीले पनि सोहीअनुरूप हुन स्वीकार गरी गुठी संस्थानमा कागज गरी दिएको भन्ने समेतका आधारमा गुठी संस्थानका प्रशासकबाट मिति २०५४।९।२९ मा भएको निर्णय सदर हुने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः शम्भु शाह

इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

- यसै लगाउको दे.पु.इ.नं. ०६६-DF-००१३, निर्णय बदर, *राजभाइ बज्राचार्य वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६७-NF-०००८, पुनरावलोकन गरिपाऊँ, *राजकिशोरप्रसाद शाह वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

कुनै बढुवा प्रक्रियाका सम्बन्धमा विवाद भएपछि त्यसको समग्र पक्षमा विवेचना गरी निर्णय हुनु न्यायिक दृष्टिकोणबाट उचित र सुविधाजनक कुरा हो । एउटै प्रकृतिका तथ्यगत र कानूनी प्रश्न समावेश भएका मुद्दाहरूलाई अदालतले एकैसाथ राखी एकै पटक निर्णय गर्ने न्यायिक प्रचलनको उद्देश्य पनि विवादका समग्र पक्षहरूमा एकरूपतापूर्ण निर्णय हुन सकोस् भन्ने नै हुने ।

यस अदालतको संयुक्त इजलासबाट लगाउको रिट नं. ३०१९ को निवेदनमा भएको आदेशबमोजिम विपक्षी राजेशप्रसाद घिमिरेको बढुवा बदर भै निज प्रेमदत्त भट्टले नियुक्ति लिई बढुवाको लागि विज्ञापन भएका सम्पूर्ण पदहरूको पूर्ति भैसकेको परिवर्तित अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्न असम्भव देखिएकोले यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।३।१७ मा भएको आदेश

पुनरावलोकन गरिरहनुको कुनै औचित्य बाँकी रहेको देखिएन । अतः प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** फौ.पु.नं. २०६३-CR-०११०, कर्तव्य ज्यान, *महेन्द्र साह कानू वि. नेपाल सरकार*

प्रतिवादी आरोपित कसूर गरेमा प्रहरी र अदालतमा समेत इन्कार रहेको र निजले मृतकलाई भालाले प्रहार गरेको भन्ने जाहेरवालाको कथन मिसिलमा संलग्न लास जाँच मुचुल्का र पोष्टमार्टम प्रतिवेदन समेतबाट समर्थित नभएको अवस्थामा पुनरावेदक प्रतिवादीले प्रहार गरेको भालाको चोटको कारणबाट नै मृतकको मृत्यु भएको भन्ने अभियोग माग दावी निर्विवाद रूपबाट पुष्टि हुन नआएकोले पुनरावेदक प्रतिवादीले आरोपित कसूरमा सफाई पाउने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट/शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको रिट नं. WO-००८५, उत्प्रेषण परमादेश समेत, *निकु मण्डल वि. बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान समेत*

प्रतिष्ठानको सञ्चालक परिषद्ले जनजाति आदिवासी समूहलाई छुट्ट्याइएको सिट संख्या ३ लाई प्रतिष्ठानले वर्गीकरण गरेको जनजाति समूहका ४ समूहमध्ये क समूहलाई एक, ख समूहलाई एक र ग समूहलाई एक सिट विभाजन गरेको र क समूहमा उम्मेद्वार नभए रिक्त त्यो सिट ख समूहमा जोडिन जाने तथा ख समूहमा पनि उम्मेद्वार नभए वा उत्तीर्ण नभए रिक्त भएको त्यो सिट ग समूहमा जोडिन जाने, क, ख र ग समूहमा रिक्त भए वा उम्मेद्वार नभए ती सबै सिट घ समूहबाट भर्ना लिने भन्ने व्यवस्थाअन्तर्गत क समूहको उम्मेद्वार नहुँदा क समूहको एक सिट र ख समूहको एक सिट गरी ख समूहबाट २ जना र ग समूहबाट ग समूहलाई दिइएको एक सिट छनौट गर्नुपर्नेमा ख समूहबाट मात्रै सबै ३ जना विद्यार्थी छनौट गरेको निर्णय एवं सूचनामा त्रुटि हुनगएको कारण प्रतिष्ठानले भूलसुधार गरी निवेदक निकु मण्डलको नाम हटाई ख समूहबाट बढी अङ्क प्राप्त गर्ने राजेशकुमार मण्डल र विकास मण्डल तथा ग समूहबाट बढी अङ्क प्राप्त गर्ने नीला सुनुवारलाई बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सन् २०१० को शैक्षिक सत्रको लागि एम.बी.बी.एस. मा अध्ययन गर्ने विद्यार्थी छनौट गरेको निर्णय र सो विद्यार्थीअनुसारको भूल सच्याई निकालेको मिति २०६७।४।१९ को संशोधित सूचनामा अन्यथा भएको नदेखिनुको साथै नीला सुनुवार २०६७।४।३० मा प्रतिष्ठानमा भर्ना भै अध्ययन गरिरहेको समेत देखिँदा निवेदनको मागबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने ।

प्रतिष्ठानले प्रकाशन गरेको Prospectus को अंग्रेजी अनुवादले भ्रम सिर्जना गरेको देखिँदा सञ्चालक परिषद्को निर्णयअनुरूप बोधगम्य र प्रष्ट हुने गरी Prospectus लाई सुधार गर्नु भनी बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा निर्देशात्मक आदेश समेत जारी हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. WO-०३३८, उत्प्रेषणयुक्त परमादेश समेत, *कमलजंग कुँवर वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(३), (४) र (५) अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(२), दफा १२(१) र दफा १२(२) समेतलाई समग्रमा हेर्दा अख्तियारवालाको अधिकार नै समाप्त हुने र अनुसन्धान तहकीकात र अभियोजन गर्ने निकाय नै निर्णयकर्ता हुन सिद्धान्ततः नमिल्ने भएको कारण कुनै व्यक्तिउपर उजूर परेमा सो व्यक्तिले के कस्तो काम गरी अख्तियारको दुरूपयोग

गरेको हो, छानबीन अनुसन्धान गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा त्यसलाई पुष्टि गर्ने आधार र कारण खोली विभागीय कारवाही गर्न निर्देशन दिनसम्म पाउने देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै सजायसम्बन्धी कानूनको दफा र सजाय किटान गरी सजाय गर्न निर्देशन गर्न पाउँछ भन्न नमिल्ने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सजाय किटान गरी निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०क को देहाय (ग) को कसूरमा ऐ. ऐनको दफा ५९ को (क)(३) अनुसार विभागीय सजाय गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाउने भनी गरेको मिति २०६५।१२।२५ को निर्णय, सो निर्णयअनुसार गर्न भनी आयोगले वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखेको मिति २०६५।१२।२८ को जानकारी एवं आवश्यक कार्यार्थ पत्र, आयोगले सजायको दफा संशोधन गर्न लेखेको पत्र र सो निर्णय र पत्रअनुसार वन तथा भू-संरक्षण मन्त्रालयले निवेदकसँग कारवाही गर्ने क्रममा सफाई पेश गर्नु भनी मिति २०६६।६।१ मा लेखेको स्पष्टीकरण पत्र समेतका कामकारवाही उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल चैत्र २३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको रिट नं. WO-०१४६, उत्प्रेषणयुक्त परमादेश समेत, *शम्भुप्रसाद दाहाल वि. यातायात व्यवस्था कार्यालय, ललितपुर समेत*

आर्थिक ऐन, २०६६ को अनुसूची ३ को खण्ड (क) को (१)(क) मा कार, जीप, भ्यान, माइक्रो बस, बस, ट्रक, मात्र उल्लेख भए पनि ट्रिपरले स्क्याभेटर, डोजर, रोलरले जस्तो खन्ने, फाल्ने, चाप्ने काम नगर्ने भै बस, ट्रक जस्तै सामान ओसारपसार गर्ने कार्य गर्ने भएकोले कामको प्रकृतिको आधारमा ट्रिपरलाई ट्रकको वर्गीकरण (Group) मा राखेको अर्थ मन्त्रालयको व्याख्या तथा निर्णय र सोको आधारमा यातायात व्यवस्था कार्यालय, ललितपुरले निवेदक कम्पनीबाट सडक निर्माण तथा सम्भार दस्तूर लिएको कार्य कानूनसम्मत देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको रिट नं. WO-०८३९, उत्प्रेषणयुक्त परमादेश समेत, *शम्भुप्रसाद दाहाल वि. अर्थ मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको रिट नं. WO-०२६६, उत्प्रेषणयुक्त परमादेश समेत, *डा. रामपरीक्षण यादव समेत वि.लोकसेवा आयोग केन्द्रीय कार्यालय, समेत*

एउटै विज्ञापनबाट बढुवा हुनेहरूमध्ये संशोधनबाट बढुवामा परेका कर्मचारीलाई एउटा जेष्ठता मिति र नाम संशोधन नभएका पहिलेको बढुवा सिफारिशमा परेका कर्मचारीलाई अर्को जेष्ठता मिति कायम गरी नियुक्त दिनुपर्छ भन्ने भनाई कानूनसम्मत मात्र होइन कि व्यावहारिक र औचित्यपूर्ण समेत हुँदैन । अतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, बढुवा समितिको मिति २०६४।१२।५ को बढुवा सिफारिशको निर्णय र मिति २०६४।१२।६ को सिफारिशलाई बदर गरी लोकसेवा आयोगले मिति २०६६।३।२२ मा संशोधन गर्ने निर्णय गरेअनुसार बढुवा समितिले मिति २०६६।३।२६ मा बढुवाको संशोधित नामावली प्रकाशन गरेको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ७८(२)(क) बमोजिम संशोधित नामावली प्रकाशन भएको मिति २०६६।३।२६ देखि जेष्ठता कायम गर्ने गरी मिति २०६६।३।२९ मा निर्णय गरी निवेदकहरूलाई दिएको मिति २०६६।३।३१ को नियुक्तिपत्रमा कुनै त्रुटि भएको नदेखिँदा निवेदकको मागअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको रिट नं. WO-०१६१, प्रतिषेध, परमादेश,

उत्प्रेषण समेत, *कृष्णप्रसाद प्रसाई वि. अर्थ मन्त्रालय समेत*

प्रारम्भिक रूपमा प्रशोधन गरेको भनेको गिट्टी बालुवा ढुङ्गाको स्टक निजले भनेको मात्रामा छ वा छैन ? कस्तो प्रकृतिबाट उत्पादन गरेको हो ? सरकारले लिएको वा लिने नीतिसँग निवेदकको उत्पादनले मेल खान्छ वा खाँदैन ? र निजको स्टकमा रहेको भनेको उत्पादनलाई निकासी गर्न दिन उपयुक्त छ वा छैन भन्ने विषय राज्यको नीति नियमअन्तर्गत तत् निकायले हेर्ने विषय हो । राज्यले एउटा व्यक्ति वा कम्पनीलाई निकासी दिँदा एउटा पद्धति र अर्कालाई निकासी दिँदा अर्को पद्धति अवलम्बन गर्न पनि उपयुक्त हुँदैन । वातावरण संरक्षण गर्न निवेदक कम्पनी र यस्तै प्रकृतिका अन्य क्रसिङ उद्योगको उत्पादनको सम्बन्धमा एउटै नीति र निर्णय अवलम्बन गर्नु नै समन्यायिक र विवेकसम्मत पनि हुन जान्छ । सम्पूर्ण क्रसिङ उद्योगहरूलाई एउटै मापदण्ड अवलम्बन गरी वातावरण संरक्षण गर्ने पवित्र मनसायले प्राविधिक समिति गठन गरी त्यसले लिने निर्णयको आधारमा निकासी छाड्नु पर्ने भन्ने अदालतको आदेशले तत्काललाई रोडा, बालुवा ढुङ्गा निकासी गर्ने कार्य रोक्का गरेको सन्दर्भमा निवेदक कम्पनीको हकमा मात्र छुट्टै प्रकृतिको आदेश दिनु औचित्यपूर्ण नहुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. CI-०६७४, CI-००७४, घर भत्काई सार्वजनिक कायम गरिपाऊँ, *बुद्धरत्न खड्गी वि. चन्द्रबहादुर लामा, चन्द्रबहादुर लामा वि. बुद्धरत्न खड्गी*

नक्सा मुचुल्काबाट प्रतिवादी चन्द्रबहादुर लामाको कि.नं. ४५ मा न.नं. ९. १० र १२ को ०-२-१-२ जग्गा कि.नं. ४६ को न.नं. ७ र ८ मा ०-१-२-१ जग्गा रहेकोमा न.नं. ३ र ४ मा रहेको ०-१-१-१ जग्गा पनि जोड्दा उल्लिखित कि.नं. ४५ र ४६ को समग्र क्षेत्रफल ०-४-४-४ हुन आउँछ । उक्त जग्गा यी पुनरावेदक चन्द्रबहादुर लामाको ट्रायल चेक समेतबाट कायम हुन आएको जम्मा क्षेत्रफल ०-४-२-१ भन्दा बढी नै हुन आएको देखियो । यसरी हेर्दा यी चन्द्रबहादुर समेतका नाउँमा दर्ता भएको कि.नं. ४५ र ४६ को ट्रायल चेकअनुसार न.नं. ३ र ४ को केही भागमा मात्र प्रतिवादीको घर बनेको देखिएकोले पूरै घर भत्काई सार्वजनिक कायम गरिपाऊँ भन्ने पुनरावेदक वादी बुद्धरत्न खड्गीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको दे.पु.नं. CI-०६७५, CI-००७३, घर भत्काई खिचोला मेटाई हक कायम, *बुद्धरत्न खड्गी वि. चन्द्रबहादुर लामा, चन्द्रबहादुर लामा वि. बुद्धरत्न खड्गी*

कि.नं. ४७ को जग्गा ट्रायल चेकबाट देखिएको वास्तविक क्षेत्रफलभन्दा अदालतबाट भई आएको नक्सामा कम हुन गएको देखिएको छ भने कि.नं. ४७ र ४६ का बीचमा न.नं. ६ को खाली जग्गा देखिएको छ । न.नं. ६ को पश्चिमतर्फ यी पुनरावेदकमध्येका चन्द्रबहादुर लामाको कि.नं. ४६ मा बनेको न.नं. ७ र ८ को घर देखिएको छ भने न.नं.६ को क्षेत्रफल ०-०-१-० रहेको र सो जग्गाको उत्तरतर्फ यी पुनरावेदकमध्येका चन्द्रबहादुर लामाको न.नं ७ मा बनेको घर देखिएको छ । यसरी यी पुनरावेदक बुद्धरत्न खड्गीको कि.नं. ४७ को जग्गाभित्रै पर्ने न.नं. ६ को ०-०-१-० जग्गा पुनरावेदक प्रतिवादी चन्द्रबहादुर लामाले खिचोला गरी न.नं. ७ मा बनाएको घरले न.नं. ६ को उत्तरपश्चिमको केही भाग अतिक्रमण गरेको समेत देखिन्छ । विवादित न.नं. ६ वादीको कि.नं. ४७ भित्रको देखिएको छ भने त्यसको उत्तरतर्फको केही भागमा प्रतिवादीको घरको भाग परेको नक्साबाट स्पष्ट देखिँदा वादीको हकको कि.नं. ४७ भित्रको न.नं. ६ को केही जग्गामा समेत पर्ने गरी प्रतिवादीले घर निर्माण गरी खिचोला गरकोले सो आंशिक घर भत्काउने समेत ठहर गर्नुपर्नेमा नगरेको हदसम्म पुनरावेदन

अदालतको फैसला मिलेको देखिएन । सो हदसम्म पुनरावेदन अदालतको फैसला केही उल्टी भै न.नं. ६ को उत्तरपश्चिमतर्फ बनेको प्रतिवादीको न.नं. ७ को घरको न.नं. ६ को जग्गामा परेको भागसम्म भत्काई वादीले चलन पाउने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. CI-००६६, फैसला बदर, *पराग लोध वि. नाबालकको हकमा शान्ति लोधिन*

जिल्ला प्रशासन कार्यालय रूपन्देहीले जन्मदर्ताको प्रमाणपत्र बदर गरेको फैसलाबाट प्रत्यर्थी नरेश लोध समेतको हकहितमा प्रत्यक्ष असर पुगेको देखिन्छ । निर्णय गर्दा जसको हकहितमा प्रतिकूल असर पर्ने हो सो पक्षलाई बुझी निजलाई आफ्ना कुराहरू राख्ने मौका दिई प्रमाणको सही मूल्याङ्कन गरी ठहरेबमोजिम निर्णय गर्नुपर्ने ।

जन्मदर्ता बदर गर्ने गरी भएको फैसला बदर गरी पाउन प्रत्यर्थी नरेश लोध र राजेश लोध समेतको फिराद परेको सन्दर्भमा विवादित जन्मदर्ताको सम्बन्धमा सूचना फाराम, दर्ता रजिष्ट्रर, सर्जमिन सक्कल अभिलेख आदि जो जे बुझ्नु पर्ने हो सो बुझी ठहर निर्णय गर्नुपर्नेमा जिल्ला प्रशासन कार्यालयले निर्णय गर्दा प्रमाण संकलन र प्रमाण मूल्याङ्कन समुचित ढंगले गरेको देखिन आएन । यस्तो अवस्थामा जिल्ला प्रशासन कार्यालयबाट भएको फैसला कानूनसम्मत र न्यायपूर्ण देखिन नआएकोले त्यसलाई बदर गरी पुनः प्राप्त प्रमाणको आधारमा कानूनबमोजिम निर्णय गर्नु भनी पुनरावेदन अदालतबाट भएको फैसलामा कुनै त्रुटि नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको रि.नं. ०६६-WO-११६२, उत्प्रेषण, परमादेश समेत, *डा. गोपालकृष्ण शिवाकोटी समेत वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय*

विभूषण पाउन कस्तो व्यक्ति योग्य र लायक हुन्छ भन्ने कुरा साधारण समझ (Common Sense) ले पनि निर्देशित (Guide) गर्ने कुरा भएको र विभूषण कस्तो व्यक्तिले पाउनु पर्छ भन्ने कुरा विभूषणसम्बन्धी नेपाल कानूनमा प्रष्ट भएको हुँदा नेपाल सरकारले चाहेमा अझै पनि ती सम्बन्धित व्यक्तिहरूलाई सिफारिश गरिएको विभूषण पुनरावलोकन गरी फिर्ता लिन सक्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर १९ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको रिट नं. ०६६-WO-११६६, उत्प्रेषण परमादेश समेत, *अभयराज जोशी समेत वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय समेत*
- २०६७ सालको रिट नं. ०६६-WO-१३२८, उत्प्रेषणयुक्त परमादेश समेत, *विष्णु सापकोटा वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय समेत*

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फौ.पु.नं. CR-०३२८, जालसाजी, *मु.स गर्ने श्रीमती चन्द्रलक्ष्मी श्रेष्ठ वि. मथुराप्रसाद मास्के समेत*

अदालतका फैसलाअनुसार मिति २०४८।१०।१४ को मूल लिखत नै शून्यको स्थितिमा रहेको परिप्रेक्ष्यमा सो लिखतका आधारमा भए गरेका कामकारवाहीको प्रभाव र परिणाम समेत शून्य रहने कुरा निर्विवाद छ । तर विवादित लिखत शून्य नहुँदैको अवस्थामा भएको लिखतलाई जालसाजी घोषित गरी प्रतिवादीलाई सजाय गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा विचार गर्दा विवादित कार्यमा कीर्ते कागजको ३ नं. मा वर्णित पूर्वावस्थाहरू विद्यमान रहेको कुरा वादीले प्रमाणद्वारा स्थापित गराउनुपर्ने हुन्छ । मूलतः प्रतिवादीहरूका कार्य आपराधिक मनसाययुक्त रहेको स्थापित भएमा जालसाजी ठहऱ्याउन मिल्ने हुन्छ । यो स्थितिको अभावमा जालसाजी ठहर गरेको शुरू फैसलालाई

उल्टी भई फिराद दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. CI-०५१९, घर भत्काई पाऊँ, *लीलादेवी तिमल्सिना वि. हरिप्रसाद बडाल*

नक्सा र नापी शाखा काभ्रेको पत्र समेतबाट प्रत्यर्थी वादीको कि.नं. १५४० को ०-०-२-० जग्गा यी पुनरावेदक प्रतिवादीले खिचोला गरी घर बनाएको देखिँदा वादी दावी पुग्न नसक्ने ठहऱ्याएको शुरू फैसलालाई उल्टी गरी न.नं. ९ को ०-०-२-० को विवादित जग्गामा यी पुनरावेदक प्रतिवादीले गरेको खिचोला मेटाई घर समेत भत्काई वादीले चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. CI-१०५२, लिखत बदर, *दानवतीदेवी वि. दुलारीदेवी साहु*

विवादित कि.नं. २९ को जग्गा मिति २०५९।२।७ मा प्रत्यर्थीमध्येकी दुलारीदेवीले अमर कुमारीलाई राजीनामा पारित गरिदिएको देखिन्छ । उक्त लिखत बदर गराई पाउनलाई यी पुनरावेदकको फिराद कहिले दायर गरिएको रहेछ भनी त्यसतर्फ विचार गर्दा प्रस्तुत मुद्दाको फिराद मिति २०६३।७।१० मा मात्र दायर भएको देखियो । हदम्यादका सम्बन्धमा कस्तो कानूनी व्यवस्था रहेछ भनी त्यसतर्फ हेर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. ले आफूखुशी गर्न पाउने बाहेक सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा सगोलका अंशियारको मञ्जूरी लिनुपर्ने, मञ्जूरी नहुनेले त्यस्तो लिखत बदर गराई पाउन रजिष्ट्रेशन भएको मितिले १ वर्षसम्म थाहा पाएको मितिले ३५ दिनभित्र नालिस गर्नुपर्ने भनी हदम्यादको स्पष्ट व्यवस्था गरेको पाइन्छ । उक्त कानूनी प्रावधानअनुसारको हदम्यादभित्र प्रस्तुत मुद्दाको फिराद पर्न आएको नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको फौ.पु.नं. CR-०७३१, जालसाजी, *दानावतीदेवी वि. दुलारीदेवी साहु* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रि.नं. ०६६-WO-०८०५, उत्प्रेषणयुक्त परमादेश, *दुर्गाप्रसाद उप्रेती वि. भूमिसुधार कार्यालय, झापा समेत*

निवेदकलाई सर्जमीनको तारेख तोकिएकोमा सो सर्जमीन हुँदा डोरमा हाजिर भई आफ्नो व्यहोरा लेखाउन सक्नुपर्नेमा सो गर्न सकेको देखिँदैन । उक्त सर्जमीनपश्चात् पुनः विवादित जग्गाको स्थलगत निरीक्षण गरी पेश गर्न भूमिसुधार अधिकारीबाट आदेश भई कर्मचारी खटाउँदा समेत सर्जमीनअनुसार बाँडफाँड गर्न मनासिब हुने भनी उल्लेख भै आएको भन्ने कुरा भूमिसुधार अधिकारीको निर्णयमा उल्लेख भएको देखिन्छ । यसरी सर्जमीन बुझी पुनः स्थलगत निरीक्षण समेत गरी सो सर्जमीन र स्थलगत प्रतिवेदनलाई समेत आधार लिई जग्गाधनी र मोही दुबैलाई बाटो पर्ने गरी बराबर हुने गरी जग्गा बाँडफाँड गरेका कुरा विपक्षी भूमिसुधार कार्यालयको मिति २०६३।८।४ को निर्णयबाट देखिन्छ । यस्तो अवस्थामा तथ्य प्रमाण बुझी दुबै पक्षलाई बाटो कायम हुने गरी जग्गा बराबर हुने गरी बाँडफाँड गर्ने गरेको भूमिसुधार कार्यालयको मिति २०६३।८।४ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रि.नं. ०६३-WO-०३४४, परमादेश समेत, *चन्द्रप्रसाद पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनबमोजिम सफाइको मौका समेत दिई कारवाही भई बर्खास्त भइसकेको व्यक्तिको राजीनामा स्वीकृत हुन सक्ने अवस्था हुँदैन । यसरी कानूनी प्रक्रियाअनुरूप सफाइको मौका दिँदा सोको बेवास्ता गरी प्रचलित कानूनको अवज्ञा गरी बस्ने कसैलाई पनि अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.-WO-१०४७, उत्प्रेषण, *ओमबहादुर सेन वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर समेत*

का.स.मू. बाहेकका अन्य आधारहरू बापत् निवेदकले यो यति नम्बर प्राप्त गर्नुपर्ने भनी वादी दावी लिन सक्ने देखिए तापनि का.स.मू. मूल्याङ्कनकर्ताले निवेदकको कार्यक्षमताको आधारमा मूल्याङ्कन गर्ने विषय भएको र यस्तो मूल्याङ्कनमा यति नै अङ्क प्राप्त गर्न पाउने भन्ने कुरा निवेदकले अधिकारस्वरूप दावी गर्न पाउने विषय नभएकोले सोबापत् आफूले ४० अङ्क नै प्राप्त गर्नुपर्ने भन्ने निवेदकको दावी तर्कसंगत नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं.-WO-१०८४, उत्प्रेषण,*सुरेन्द्रप्रकाश गिरी वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर समेत*

जेष्ठता, शैक्षिक योग्यता, तालिम र का.स.मू. समेतको अङ्क समेतको अङ्क गणना गर्दा निवेदकको भन्दा विपक्षी बनाइएका केशवती आचार्य पण्डित समेतको कूल प्राप्ताङ्क बढी देखिन आएकोले शिक्षक सेवा आयोग क्षेत्रीय समिति सुर्खेतको मिति २०६२।२।१९ को सिफारिशलाई संशोधन गरेको संशोधित बढुवा सिफारिश समेतको कामकारवाही कानूनअनुरूपकै देखिएको र ती कामकारवाहीले निवेदकको हकाधिकारमा आघात पुगेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.-WO-११२९, उत्प्रेषण, *रामलखन मण्डल वि. भूमिसुधार कार्यालय, सप्तरी राजविराज समेत*

मोही र जग्गाधनीका बारेमा विवाद नदेखिएको, क्षेत्रफलमा समेत विवाद नभएको, जग्गाको पूर्वतर्फ रहेको कुलोलाई केन्द्रबिन्दु मानी उक्त कुलो जग्गाधनी र यी निवेदक मोही दुबै पक्षलाई पर्ने गरी जग्गा बाँडफाँड गरेको देखिएको, मोही र किसानको लागि कुलो, पानी र सिंचाइ महत्वपूर्ण हुने हुँदा सो हिसाबबाट समेत जग्गा बाँडफाँडमा नरम करम मिलेको देखिँदा जग्गा बाँडफाँडसम्बन्धी निर्णय कानूनअनुरूपको र मुनासिब देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६६-WO-०२३२, उत्प्रेषण समेत, *शिवनारायण चौधरी वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निवेदकले आफूले रा.प.द्वितीय श्रेणीमा बढुवा पाउनु पर्ने भनी गरेको रिट निवेदन मागबमोजिमको श्रेणीमा बढुवा पाइसकेको देखिन्छ । यसरी यी रिट निवेदक शिवनारायण चौधरीले आफूले बढुवा पाउन पर्ने भनी दावी गरेको रा.प. द्वितीय श्रेणीमा बढुवा पाइसकेको देखिँदा प्रस्तुत रिटको औचित्य समाप्त (Infructious) भैसकेको देखिन्छ । तसर्थ औचित्य समाप्त भैसकेको विषयमा रिट जारी हुन नसक्ने हुँदा यी रिट निवेदक शिवनारायण चौधरीको रिट निवेदन मागबमोजिम आदेश जारी गर्न परेन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं. ८६७०, अंश, *सीताराम सिँह वि. जगदीशप्रसाद सिँह समेत*

वादी प्रतिवादी समान हैसियतका समान पुस्ताका व्यक्ति रहे भएको देखिन्छ । समान पुस्ता समान हैसियतका व्यक्तिले अंश मुद्दामा दावी गर्दा व्यवहार प्रमाणले अलग भिन्न भै भोग स्रेस्ता समेत समानुपातिक रूपमा कायम भई आ-आफ्नो बिक्री व्यवहार समेत निर्विवाद रूपमा स्थापित भैसकेकोमा प्रस्तुत मुद्दामा उक्त फैसलाअनुसार स्थापित भएको तथ्यलाई अनदेखा गर्न सकिने अवस्था देखिन आउँदैन । यसरी मानो छुट्टिएपछि घरसारमा वादी प्रतिवादीले आउने जग्गा पाई आफ्ना नाममा नापी गराएको कुरा स्पष्ट भएकोले मिति २०२१।८।२६ मा पारित भएको लिखतअनुसार पाउनुपर्ने जग्गा बाँकी छ भन्न नमिल्ने ।

वादी प्रतिवादीहरू समेतका बीच २०१७ साल मंसिर २७ गते चुलो मानो छुट्टिएको लिखत २०२१।६।२६ मा रजिष्ट्रेशन भएको भए तापनि आ-आफ्नो अंश भागको जग्गा भनी नापी गराई सोहीबमोजिम दर्ता स्रेस्तापूर्जा तयार भै स्ततन्त्र रूपले एकलौटी हकभोगको जग्गा भनी बेचबिखन तथा बिक्री व्यवहार गरी आएको तथ्यबाट देखिएको छ । यसर्थ वादी प्रतिवादी उल्लिखित अंशियारहरूबाट अलग भिन्न भै व्यवहार प्रमाणबाट निजहरू बीच अंशबण्डा भैसकेको स्थापित हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. २९३, पर्खाल भत्काई खिचोला चलन, *बाउनकाजी महर्जन समेत वि. पुरूषोत्तम शाक्य समेत*

वादीले आफ्नो स्रेस्ताभन्दा बढी जग्गाको उपभोग गरिरहेको र प्रतिवादीले निजहरूको स्रेस्ताभन्दा कम जग्गा भोग गरिरहेको देखिएको स्थिति छ । प्रतिवादीले आफ्नो स्रेस्ताभन्दा कमै जग्गा उपभोग गरी सोमा पर्खाल लगाउँदैमा स्रेस्तामा देखिएको जग्गाबाट स्वामित्व लोप हुन जाने देखिँदैन । न.नं. २ लाई अदालतबाट भई आएको नक्सामा विवाद जनाएको देखिँदा उक्त न.नं. २ लाई विवादै नउठाएको भन्ने समेत व्यहोरा सान्दर्भिक छैन ।

न.नं. २, ३ र ४ को पर्खालसहितको जग्गा वादीको हकको नदेखिएकोले पर्खाल भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ भन्ने समेतको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०२९४ नक्सा पास बिना निर्माण, *बाउनकाजी महर्जन समेत वि. पुरूषोत्तम शाक्य समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको रिट नं. ३३४५, उत्प्रेषण परमादेश, *राजबहादुर शाह वि. कम्पनी रजिष्ट्रारको कार्यालय समेत*

कम्पनी ऐन, २०५३ को दफा २६(१) को पूर्वावस्था सम्पन्न भइसकेको अवस्था नहुँदा ऐनको दफा ३८(३) बमोजिम शेयर जफत गर्न नसकिने हुन्छ । रिट निवेदकले रिट निवेदनमा दफा २६ को चरण पूरा गरेको भनी किटानी रूपमा भन्न सकेको पनि छैन । यसको अलावा कम्पनीबाट सर्वसाधारणको शेयर जफत गर्ने निर्णय गर्दा उक्त ऐनको दफा ३८(३) को प्रतिवन्धात्मक बाक्यांशको मर्म र भावनालाई समेत ध्यान दिएको देखिएन । कम्पनीको सञ्चालक समितिको निर्णयमा कम्पनीको शेयर खरीद गर्न व्यक्तिले दाखिल गरेको रकमले खामेसम्मको शेयर कायम गर्न नहुने मनासिब आधार के थियो ? त्यस्तो व्यहोरा उल्लेख नै नगरी सम्पूर्ण शेयर जफत गरेको निवेदक कम्पनीको निर्णय उक्त कानूनी व्यवस्थाको विपरीत देखिन आयो । यस्तो अवस्थामा कानूनले व्यवस्था गरेको कार्य सम्पन्न गर्न लगाई सर्वसाधारणको आर्थिक हितलाई कायम राख्न ऐनको दफा १३६ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयलाई अधिकार भएकोमा विवाद गरिरहन नपरी सो कानूनको अधीनमा रही

कम्पनी रजिष्ट्रारको कार्यालयबाट दिइएको उक्त निर्देशनलाई कानूनसम्मत् भएको मान्नुपर्ने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साउन १६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको फौजदारी साधक नं. ००४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कान्ति राना*

प्रतिवादी कान्ति रानाले एक्लै जातकको कर्तव्य गरी हत्या गरी ज्यानसम्बन्धीको १ नं. तथा १३(३) को कसूर गरेको देखिँदा निजलाई सर्वश्वसहित जन्मकैद गरेको जिल्ला अदालत रूपन्देहीको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ।

स्वेच्छिक रूपमा परपुरूषसँग सम्बन्ध राखेको नभै जबर्जस्ती रूपमा करणी गरेको कारणबाट सिर्जित दुष्परिणाम र सामाजिक लोकलाजबाट बच्न बाध्यतावस जातकको हत्या गरेको देखिँदा प्रतिवादी कान्ति रानालाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा न्यून सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने देखिन्छ । तथापि जिल्ला अदालत र पुनरावेदन अदालतले १ वर्ष ६ महिना कैद मात्रको सजाय गर्न लगाएको राय भने ज्यादै न्यून देखिएको हुँदा सो रायलाई परिवर्तन गरी अदालतले यस्तै विषयका सम्बन्धमा अवलम्बन गरेका अभ्यास एवं प्रचलन समेतलाई मनन् गरी अ.बं. १८८ नं. बमोजिम ३(तीन) वर्ष कैद गर्दा कानूनको मर्म पूरा हुने देखिदा प्रतिवादी कान्ति रानालाई ३ (तीन) वर्ष कैद हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको स.फौ.पु.नं. ०१९६, कर्तव्य ज्यान, *वीरेन्द्रप्रसाद यादव वि. नेपाल सरकार*

पेटमा गोली लागी अत्याधिक रक्तश्राव भई मरेको भन्ने प्रतिवादीको लासजाँच प्रतिवेदनको व्यहोरा उल्लिखित विभिन्न व्यक्तिहरूले व्यक्त गरेको कथनसँग तादात्यता रहेको देखिँदा प्रतिवादीले मृतकलाई गोली प्रहार गरेको कारण मृतकको मृत्यु भएको भन्ने देखिन आयो । यस्तो स्थितिमा पुनरावेदक प्रतिवादीले अभियोग माग दावीबमोजिमको कसूर गरेको भै ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल कात्तिक १० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०४४५, कर्तव्य ज्यान, *दीपकबहादुर सुवेदी वि. नेपाल सरकार*

प्रेमविवाह गरेर विश्वासमा पारी ल्याएकी श्रीमतीलाई लजमा राखेको र लजमा बस्दा आफ्नो वास्तविक नाम ढाँटी विवरण लेखाएको देखिन्छ । प्रतिवादीले मृतक आफ्नी श्रीमतीलाई आफूले झोलामा बोकी ल्याएको धारिलो हतियार खुकुरीले प्रहार गरी काटी मारेको अवस्था वारदातको घटना विवरणबाट देखिन्छ । घटनापश्चात् प्रतिवादीले वारदातबारे सम्बन्धित निकायमा जाहेर नगरी अपराधबाट बच्नको लागि भागी लुक्दै छिप्दै आएको देखिएबाट यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीलाई अ.वं १८८ नं. बमोजिम कम सजाय गर्न मनासिब नदेखिने ।

प्रतिवादीले कसूर अपराध गरेको ठहऱ्याई ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०६७३, उत्प्रेषण समेत, *सरीता राई वि. काठमाडौं महानगरपालिकाको कार्यालय समेत*

महानगरपालिकाले गरेको निर्णयउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने वैकल्पिक उपचारको प्रभावकारी बाटो छँदाछँदै उक्त वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी यस

अदालतको विशेष अधिकारक्षेत्रको बाटो अवलम्बन गरेको देखिँदा रिट जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३ सालको फौ.पु.नं. २०६, करकाप, *राम बोगटी वि. मोहनबहादुर पराजुली*

विवादित लिखतमा भएका केरमेट र थपघट व्यहोरामा वादीको औंठाछाप लगाएको देखिएबाट वादीका साक्षीको बकपत्र विश्वासयोग्य रहेको देखिएन । यसका अतिरिक्त वादीका साक्षी करकापको वारदात भएको देख्ने प्रत्यक्षदर्शी साक्षी नरहेको, निजले "वादीले भनेको हुँदा थाहा जानकारी भएको" भन्ने व्यहोरा लेखाइदिएबाट सुनी जान्ने प्रमाण प्रमाण होइन भन्ने प्रमाण कानूनको मान्य सिद्धान्तअनुसार समेत वादीका साक्षीको वकपत्रलाई प्रमाणमा ग्रहण गर्न मिल्ने देखिएन । अतएव विवादित लिखत सद्दे साँचो व्यहोराबाट तयार भएको मान्नुपर्ने ।
इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको फौ.पु.नं. ०६६-CI-०८६३, निषेधाज्ञा, *रामशंकर सैंजू वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रूपन्देही समेत*

कसैले गैरकानूनी रूपमा कसैको कानूनप्रदत्त हकाधिकारमा आघात पुऱ्याउन सक्ने प्रवल आशंका विद्यमान रहेको र त्यस्तो गैरकानूनी कार्यबाट निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिन आएमा निषेधाज्ञाको आदेश जारी गरी विपक्षीहरूलाई त्यस्तो गैरकानूनी कार्य गर्नबाट रोक्न निषेधाज्ञाको आदेश जारी गर्ने गरिन्छ । तर प्रस्तुत मुद्दामा निवेदकले देखाएको आशंका विद्यमान रहे भएको नदेखिएकाले पुनरावेदन अदालत, बुटवलले गरेको आदेश बेमनासिब भन्न मिल्ने देखिएन । बन्दीप्रत्यक्षीकरणसम्बन्धी विषय र पुनरावेदक एवं विपक्षी राञ्जीव श्रेष्ठबीचको जग्गाको लेनदेनसम्बन्धी विषय फरक रहेको हुँदा उक्त कारणले मात्र पुनरावेदकउपर पक्राउ गर्ने थुनछेक, कुटपीट एवं कागजसमेत गराउने आशंका रहेको मान्न नमिल्ने ।
इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०४९१, सवारी ज्यान, *सुदर श्रेष्ठ वि. नेपाल सरकार*

दुर्घटनामा परी मृत्यु भएको सवारी चालकको बीमाबापत क्षतिपूर्तिको माग भएको विषय हुँदा यस्तो विषयमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ तथा यस अदालतबाट नेपाल सरकार विरुद्ध गीताबहादुर थापा समेत (नेकाप २०६४, अङ्क ८, पृष्ठ ९७५) भएको मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार अदालतबाट क्षेत्राधिकार ग्रहण गरी निर्णय गर्न नमिल्ने ।
इजलास अधिकृतः खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५२९, अदालतको अपहेलना, *आत्मराम मुरारका वि. उद्योग विभाग समेत*

उद्योगको वार्षिक उत्पादन क्षमताभन्दा बढी निकासी भएको सामानको भन्सार महसूल फिर्ता दिन नमिल्ने भन्ने निर्णय बदर गरिपाऊँ भन्ने पुनरावेदकको परमादेश मुद्दामा माग रहेको नदेखिएको, उक्त मुद्दामा भन्सार महसूल फिर्ता पाउने फारामअनुसारको फिर्ता पाउनुपर्ने भन्सार महसूल फिर्ता गर्ने सन्दर्भको सम्पूर्ण कानूनी प्रक्रिया अविलम्ब पूरा गर्न गराउन लगाई भन्सार महसूल निवेदक उद्योगलाई फिर्ता दिन लगाउनु भनी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने माग मात्र भएकोमा उद्योगको वार्षिक उत्पादन क्षमताभन्दा बढी निकासी भएको सामानको भन्सार महसूल फिर्ता दिन नमिल्ने विपक्षीको निर्णय बदर हुन नसकेको अवस्थामा सो समेत फिर्ता दिनु भनी उक्त परमादेश मुद्दामा भएको आदेशको मनसाय होइन । यस्तो अवस्थामा अदालतको अपहेलना भयो भनी मान्न मिल्ने अवस्था नदेखिँदा निवेदन दावी खारेज हुने ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५२८, अदालतको अपहेलना, *आत्मराम मुरारका वि. उद्योग विभाग समेत*
- २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५३०, अदालतको अपहेलना, *आत्मराम मुरारका वि. उद्योग विभाग समेत*
- २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५३१, अदालतको अपहेलना, *आत्मराम मुरारका वि. उद्योग विभाग समेत*
- २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५३२, अदालतको अपहेलना, *आत्मराम मुरारका वि. उद्योग विभाग समेत*

इजलास अधिकृतः खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. ८९६१, लेनदेन, *मो.इब्राहिम रिज्वी वि.श्रीमती पिपरियादेवी साहू*

तमसुकमा लागेको यी पुनरावेदकको ल्याप्चे तथा हस्ताक्षरलाई रेखा विशेषज्ञसँग जाँच गर्न पठाउँदा ल्याप्चेछाप मिल्न भिँड्न आएको र हस्ताक्षरलाई समकालीन हस्ताक्षरको अभावमा आपसमा भिडाई जाँच गर्न नसकिएको भन्ने विशेषज्ञको राय रहेको र यस अदालतको आदेशानुसार मिति २०६७।११।१५ मा रेखा विशेषज्ञ यस अदालतमा आई बकपत्र गर्दा समेत सोही कुरालाई समर्थन हुने गरी बकपत्र गरेकाले पुनरावेदकको जिकीरबमोजिम उक्त तमसुक कीर्ते भनी नामाकरण गर्न मिल्ने देखिन आएन । अतः वादी दावीको तमसुक कीर्ते नठहरी सद्दे देखिनाले वादीसँग लिए खाएको रकमको साँवा र ब्याज समेत यी पुनरावेदक प्रतिवादीले वादीलाई तिर्नु बुझाउनु पर्ने नै देखिन आयो । सोअनुरूपको तिर्नु बुझाउनु पर्ने रकम यी प्रतिवादीले वादीलाई तिरे बुझाएको कानूनसम्मत सबूद प्रमाण पेश दाखिला गरेको नदेखिदा वादीलाई दावीबमोजिम तिर्नु बुझाउनु पर्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन
इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६३ सालको रिट नं. ३२८६, उत्प्रेषण, *रोहितकुमार श्रेष्ठ वि. मालपोत कार्यालय, भोजपुर समेत*

दावीको कि.नं. ४ को जग्गामा भूमिसुधार अधिकारीको २०३८।१२।९ को निर्णयबमोजिम विपक्षी तीर्थबहादुर मोही रहेको र जग्गा बाँडफाँड गरी पाउन मोहीको निवेदन परी भूमिसुधार शाखाको काम समेत गर्ने विपक्षी मालपोत कार्यालयबाट निवेदक जग्गाधनी समेतलाई म्याद पठाई प्रतिवादको अवसर दिई कानूनबमोजिम भएको बाँडफाँडको निर्णय र तत्सम्बन्धी कामकारवाही आफ्नो अधिकारक्षेत्रअन्तर्गत प्रचलित कानूनबमोजिम भूमिसुधार अधिकारीको अधिकार प्रयोग गरी मालपोत अधिकृतले नरम-करम मिलाई गरेको देखिएको र कानूनबमोजिम भए गरेको कामकारवाही र निर्णयबाट निवेदकको कानून वा संविधानप्रदत्त हकमा हनन् भएको सम्झन मिल्ने नहुनाले सो निर्णय बदर गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६७ सालको CR-००७२, वैदेशिक रोजगार ठगी, *कृष्णप्रसाद पराजुली वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालाहरूबाट रकम बुझेको लिखत करकापबाट गराएको भनी कहीं कतै उजूर गरी बदर गराउन माग गरेको भन्ने जिकीर लिन नसकेको र यस अदालतमा पुनरावेदन गर्दा समेत निजले त्यसतर्फ प्रमाण पेश गर्न नसकी तारेख गुजारी बसेबाट उक्त प्रमाण पेश हुन सक्ने अवस्था रहेको भएको नपाइएकोले सो लिखतलाई अन्यथा मान्न सक्ने अवस्था नरहने ।

प्रतिवादीले बिना इजाजत वैदेशिक रोजगारमा पठाउन जाहेरवालाहरूबाट रकम लिएको कार्य वैदेशिक

रोजगार ऐन, २०६४ को दफा १० विपरीतको कार्य देखिँदा दफा ४३ बमोजिम प्रतिवादी कृष्णप्रसाद पराजुलीलाई रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरीवाना र १ वर्ष ६ महिना कैद र जाहेरवालाहरूले ५० प्रतिशत हर्जानासहित प्रतिवादीबाट लिखतबमोजिमको बिगो भरी पाउने।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-०६३९, अंश, *सुरतादेवी अहिर यादव समेत वि. राममिलन अहिर यादव समेत*

छुट्टै बसेको परिवारको सदस्यमध्ये स्वास्नी मानिसका नाममा खरीद भएको जग्गालाई भिन्न घर भई बसेका वादीहरूको सहयोगबाट समेत आर्जित रहेको भनी प्रमाण बेगर भन्न नमिल्ने हुँदा शान्तिदेवीको नामको कि.नं. १०६४ को ०-७-५ धुर जग्गा निजको निजी आर्जनको भई बण्डा लाग्नु नपर्ने हुँदा र मिन्ही डिहीको ०-१-१४ धुर जग्गा र सोमा बनेको पक्की घर प्रतिवादी राम मिलनले एकलौटी भोग गर्न पाउने।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल जेठ १६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CI-००५२, अवैध जरीवाना, *पवनकुमार संघाई समेत वि. घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर समेत*

नेपाल सरकार मन्त्रिस्तरको मिति २०६१।१२।३ को निर्णयानुसार औद्योगिक व्यवसाय ऐनको दफा २५ विपरीतको कार्य गर्ने उद्योगका सम्बन्धमा रू. एक लाखसम्म जरीवाना गर्ने अधिकार ठूला तथा मझौला उद्योगका हकमा उद्योग विभागका महानिर्देशक र घरेलु तथा साना उद्योगका हकमा सोही विभागका महानिर्देशकलाई प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन भएको निर्णयको प्रतिलिपिबाट देखिन्छ। पुनरावेदकले उद्योग अनुमति दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तबमोजिम दवाकोट गा.वि.स. वडा नं. ४ मा उद्योग स्थापना गरेको नदेखिएबाट घरेलु तथा साना उद्योग विभागका महानिर्देशकले प्रत्यायोजित अधिकारको सीमाभित्र रही पुनरावेदकलाई औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५(१) बमोजिम रू. ५१,०००।- जरीवाना गरेको निर्णय मनासिब हुने ।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६७-CR-०२१७, कर्तव्य ज्यान, *जीवन वली वि. नेपाल सरकार*

अभियुक्तको अदालतमा समेत भएको साविती कथन (Confession) अन्यथा प्रमाणित नभएमा सर्वोत्तम प्रमाण हुने र प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजका विरूद्ध प्रमाणमा लिनुपर्ने हुन्छ। निजको सो साविती कथन मिसिल संलग्न कुनै तथ्य र प्रमाणबाट असंगत नदेखिएमा सो कथनलाई निर्णायक प्रमाणको रूपमा मान्नुपर्ने हुन्छ। उक्त साविती कथन के कुन आधारमा अमान्य गर्नुपर्ने हो सो सम्बन्धमा निज पुनरावेदकले कुनै तथ्यपूर्ण र आधारसहितको जिकीर लिन सकेको पाइँदैन। यस अदालतमा पुनरावेदन गर्दा समेत आफ्नो उपर्युक्त साविती बयानका बारेमा आधारसहित खण्डन नगरी केवल अभियोग दावी स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएको भन्नेसम्म जिकीर लिएको पाइन्छ। घटना भएको मिति २०६५।८।२५ को दिन मृतक बासमती वली र यी प्रतिवादी सँगै गाई चराउन गएको र निजहरू बाहेक घटनास्थलमा अरू कोही भएको भन्ने नदेखिएको अवस्थामा अन्य कसैको संलग्नता हुन सक्ने अवस्था नभएको र तत्सम्बम्बन्धमा यी पुनरावेदकको अन्यथा जिकीर पनि रहेको देखिदैन। यस्तो अवस्थामा अदालतसमक्षको निजको साविती बयानलाई प्रमाण ऐन, २०३१ का दफा ९ बमोजिम प्रमाणमा लिन नपर्ने मनासिब आधार र कारण नदेखिने।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६६-CR-०७३७, कर्तव्य ज्यान, *पुष्पामाया मगर वि. नेपाल सरकार*

न्यायकर्ताले घटी सजाय हुनुपर्ने भनी अनुभूति गरेको अवस्थामा पनि निश्चित आधारहरूको विद्यमानता अपरिहार्य नै देखिन्छ, कानूनले नै कारण सहितको खुलासाको अपेक्षा गरेको छ" भनी नजीर सिद्धान्त समेत प्रतिपादन भइरहेको परिप्रेक्ष्यमा अ.बं. १८८ नं. बमोजिम कानूनले हुने सजायभन्दा घटी सजाय तोकेकोमा आफूलाई सो भन्दा पनि घटी सजाय हुनुपर्ने भन्ने यी पुनरावेदिकाको पुनरावेदन जिकीर कानूनसंगत नहुने ।

कसूर गर्दाका अवस्थामा निजको उमेर १७ वर्ष देखिएको, विवाहपश्चात् पनि पढाउने लेखाउने भनी मृतकले विवाह गरी ल्याएको तर पढाउने लेखाउने कार्य नगरी पढ्न लेख्न बाधा व्यवधान गरेको, दैनिक रक्सी सेवन गरी निजले शारीरिक एवं मानसिक यातना दिने गरेको परिस्थितिलाई निजले व्यवस्थापन गर्न नसकी कच्चा र अपरिपक्व उमेरमा कसूर अपराध गरेको देखिएको तथा अपराध गरेपश्चात् कसूर स्वीकार गरी अनुसन्धान कार्यलाई सरल बनाई सहयोग गरेकी तथा निज अपराध गर्दाको अवस्थामा गर्भवती भई हाल एक सन्तानकी आमा भएकी र पिताको मृत्यु भइसकेको अवस्थामा सो सन्तानको पालनपोषण, रक्षा शिक्षा गर्ने निज एकमात्र संरक्षक देखिएको परिस्थितिलाई समेत विचार गर्दा यी पुनरावेदिका प्रतिवादीलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने देखिएकोले निजलाई १० (दश वर्ष) मात्र कैद हुनुपर्ने भनी पुनरावेदन अदालत धनकुटाबाट व्यक्त राय युक्तिसंगत, वस्तुपरक एवं मनासिब देखिँदा सो राय सदर हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-CR-०७७१, कर्तव्य ज्यान, *दानबहादुर राई वि. नेपाल सरकार*

पिता पर्शुरामले आमा मनमायालाई कोदालोको बिँडले निर्घात कुटपीट गरिरहेको र त्यसरी नकूट्न भनी पितालाई सम्झाउँदा आफूलाई नै कुट्न आएको हुँदा पिताको हातबाट उक्त कोदालोको बिँड खोसी निजको टाउकोमा प्रहार गर्दा मृतक पर्शुराम राइको मृत्यु भएको हो भनी पुनरावेदक प्रतिवादीले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष एवं अदालतमा समेत बयान गरेको देखिन्छ । प्रतिवादीले आफूले गरेको कसूरजन्य कार्य स्वीकारी अनुसन्धान कार्यमा सहयोग पुर्‍याएको र अपराध गरेको अवस्था समेतलाई विचार गर्दा निजलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिएकोले यी पुनरावेदक प्रतिवादी दानबहादुर राइलाई १० (दश वर्ष) मात्र कैद सजाय हुने उपर्युक्त र मनासिब हुने भनी अ.बं. १८८ नं. बमोजिम पुनरावेदन अदालत धनकुटाबाट व्यक्त राय समेत मनासिब देखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७-CR-०७१६, लागू औषध, *होमकुमार कटुवाल वि. नेपाल सरकार*

मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बरामद भएको लागू औषध खैरो हिरोइन भारतीय व्यक्तिहरू सचीन साह र बब्लु साह भन्ने व्यक्तिले आफूलाई बिक्री गर्न भनी दिएको र सोबमोजिम बिक्री गर्न हिँडेको अवस्थामा पक्राउ परेको भनी कसूरमा सावित भई गरेको, बयान बरामदी मुचुल्कामा उल्लेख भएको उपर्युक्त प्रमाणहरूबाट समर्थन भएको बंगुरको खरीद बिक्रीको व्यवसाय गर्ने व्यक्ति हुने भनी अदालतमा बकपत्र गरी दिएका भएपनि निज प्रतिवादीको साथबाट लागू औषध बरामद भएको तथ्यको परिप्रेक्ष्यमा निजका साक्षीको सो कथन निजलाई कसूरबाट सफाइ दिन वा सजायमा छूट हुने आधार बन्न नसक्ने ।

बरामद भएको लागू औषध आफ्नो साथमा रहनुको वा प्राप्त गर्नुको कानूनबमोजिमको आधार एवं कारण दिई आफ्नो निर्दोषिताको ठोस, अकाट्य र विवादरहित प्रमाण पेश गर्न सकेको पाइदैन । कुनै अभियुक्तको कसूरमा इन्कार रही व्यक्त गरेको निजको कथनले मात्र निजको निर्दोषिता प्रमाणित गर्ने आधार हुन नसक्ने हुन्छ । सो इन्कारी कथनलाई प्रमाणित गर्न निजले तथ्यपूर्ण, विवादरहित एवं विश्वसनीय प्रमाण

पनि पेश गर्नुपर्ने हुन्छ । आफूबाट बरामद भएको लागू औषध आफ्नो होइन वा कानूनबमोजिम आफूले राखेको हो भनी प्रमाणित गर्ने भार उक्त दफा १२ बमोजिम यी प्रतिवादीको भएकोमा निजले पेश गरेको साक्षीको कथनबाट मात्र अन्यथा प्रमाणित हुन नसक्ने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०१४४, परमादेश, *नुरनिधि न्यौपाने समेत वि. काठमाडौं महानगरपालिका बागदरवार*

निवेदकको मागबमोजिम महानगरपालिका स्वयंले निवेदकहरूको तह मिलान भर्ने निर्णय गरिसकेको हुनाले तदनुकूल उक्त निर्णयबमोजिम हुने नै हुनाले प्रस्तुत रिट निवेदन औचित्यहीन भइसकेकोले मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरिशचन्द्र इङनाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६५-WO-०१६९, परमादेश, *भैरबबहादुर बोगटी वि. काठमाडौं महानगरपालिका, बागदरवार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-WO-०२७८, उत्प्रेषणयुक्त परमादेश समेत, *शारदा सुवेदी (अधिकारी) समेत वि. रामप्रसाद सुवेदी समेत*

कानूनमा वैकल्पिक उपचारको मार्ग विद्यमान रहेकोमा सोही वैकल्पिक उपायबाट उपचार खोज्न जानु पर्दछ । त्यस्तो वैकल्पिक उपचारको मार्ग नभएको वा सो उपाय प्रभावकारी नभएको अवस्थामा मात्र रिट क्षेत्रमा प्रवेश गरी उपचार माग गर्न आउने हो र यस अदालतबाट पनि असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट जारी गरी उपचार प्रदान गर्न सकिने हुन्छ । साथै सो वैकल्पिक उपचार किन प्रभावकारी छैन भन्ने पनि रिट निवेदनमा वस्तुनिष्ठ तवरबाट उल्लेख गर्नु पर्ने हुन्छ । तर प्रस्तुत निवेदनमा निवेदकहरूले सो वैकल्पिक उपचारको उपाय किन प्रभावकारी नभएको भन्ने केही उल्लेख नगरी प्रस्तुत रिट दिएको देखिन्छ । अतः फैसला वा मिलापत्र बदरतर्फ उजूर गर्न पाउने अ.वं. ८६ को कानूनी मार्ग एवं करकापबाट राजीनामा लिखत गराएको भए अ.बं. ३८ नं. अन्तर्गतको कानूनी मार्ग अवलम्बन गर्नुपर्नेमा त्यसो नगरी सीधै यस अदालतमा रिट क्षेत्रमा प्रवेश गरेको हुँदा वैकल्पिक उपचारको कानूनसम्मत मार्गको विद्यमानतामा रिट खारेज हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. ६९८, परमादेश, *राजकुमार सुवाल वि. जिल्ला प्रहरी कार्यालय, ललितपुर*

आफूसमक्ष जाहेरी परेको भनी जिल्ला प्रहरी कार्यालयले स्वीकार गरेको देखिएको अवस्थामा कानूनद्वारा तोकिएको कर्तव्य पूरा नगर्ने प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय ललितपुरका नाउँमा कानूनद्वारा तोकिएको सो काम कर्तव्य पूरा नगर्ने प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय ललितपुरका नाउँमा कानूनद्वारा तोकिएको सो काम कर्तव्य पूरा गर्न परमादेश जारी गर्न पर्नेमा सो नगरी निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको उक्त आदेश मिलेको नदेखिँदा उल्टी हुने तथा निवेदकको उजूरीका सम्बन्धमा यो फैसला प्राप्त भएको एक महिनाभित्र अनुसन्धान तहकीकातको कामकारवाही पूरा गरी कानूनबमोजिम मुद्दा चल्ने वा नचल्ने भन्ने सम्बन्धमा कानूनबमोजिम कारवाही र निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रहरी कार्यालय ललितपुरका नाममा परमादेश जारी हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-०२९८, कुटपीट, लुटपीट, *ओमप्रकाश श्रीवास्तव वि. शिव भारती समेत*

वादीको साक्षी शिवप्रसाद पाठकले गरेको बकपत्र हेर्दा घडी मदन श्रेष्ठले लिएको देखेको हुँ भनी स.ज. ७ मा उल्लेख गरेको देखिन्छ भने

स.ज. ८ मा प्रतिवादी दीपक श्रेष्ठले घडी लुट्दा मैले आँखाले देखेको हुँ भनी उल्लेख गरेको देखिँदा कहिले घडी प्रतिवादी दीपक श्रेष्ठले लुटेको भन्ने, कहिले प्रतिवादी मदन श्रेष्ठले लुटपीट गरेको भन्ने वादीको साक्षीको बकपत्र विवादास्पद देखिँदा वादी दावीलाई वादीको साक्षीले पुष्टि गर्न सकेको भन्न मिल्ने देखिएन। प्रतिवादीले लुटपीट गरेको भन्ने दावी प्रमाणबाट पुष्टि भएको नदेखिँदा लुटपीटतर्फको वादी दावी नपुग्ने।

कुटपीटतर्फ को कसले कसरी कुटपीट गरे भनी खुलाउन सकेको पाइदैन। प्रतिवादी नरहरिनाथ योगीले के कसरी वादीलाई कुटपीट गरको हो सो फिराद दावीबाट प्रष्ट खुलाउन सकेको देखिँदैन भने यी प्रतिवादीले आफैंले वादीलाई कुटपीट गरेकोमा इन्कारी गरी प्रतिउत्तर फिराएको र प्रतिउत्तर जिकीरलाई निजको साक्षीले समर्थन गरी बकपत्र गरेको देखिँदा प्रतिवादी नरहरिनाथ योगीको हकमा वादी दावी नपुग्ने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-०६१३, ज्यान मार्ने उद्योग, रहजनी चोरी, *नेपाल सरकार वि. राजु सुनार*

प्रतिवादीले पीडित पुष्पराज बरालालाई प्रहार गर्दा अरू कसैको अवरोध भई ज्यान मार्न नपाएको भन्ने अवस्था समेत देखिन आएन। प्रतिवादीले फलामको पाइपले प्रहार गरी मोबाइल र नगद लुटी लगेको भन्ने समेत देखिएको छ। पीडित पुष्पराज बरालसँग प्रतिवादीको कुनै पूर्व रिसइवी भएको भन्ने पनि नदेखिएको र एकान्त स्थानमा जो कोही भेटे पनि धनमाल लुटेर भाग्छु भन्ने योजना बनाई प्रतिवादीसँगसँगै हिँडेको अवस्थामा निजको साथमा भएको धनमाल लुट्ने उद्देश्यले प्रतिवादीले पीडितलाई फलामको पाइपले प्रहार गरेको देखिनाले ज्यान मार्ने मनसायले नै प्रतिवादीले पीडितलाई प्रहार गरेको भन्न नमिल्ने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-WO-१०७८, उत्प्रेषण, परमादेश समेत, *जागेश्वर राय वि. रामचन्द्रप्रसाद साह समेत*

गैरकानूनी तथा लापरवाहीपूर्वक गरिएको तथा सम्पत्तिको वास्तविक मूल्याङ्कन नभई जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ मा उल्लिखित कार्यविधि पूरा गरी मुचुल्का भएको समेत नदेखिएबाट सो नियमावलीअनुकूल नभएको काम कारवाहीबाट निवेदकको सम्पत्तिसम्बन्धी हकमा स्पष्ट रूपमा आघात परेको देखिँदा त्यस्तो मुचुल्का बदर गर्नुपर्नेमा नगरेको सर्लाही जिल्ला अदालतको मिति २०६४।८।१४ गतेको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६४।१२।१४ गतेको आदेश समेत त्रुटिपूर्ण हुँदा उक्त आदेशहरू कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने।

फैसला कार्यान्वयन गरिपाऊँ भनी २०६३।५।१६ गते परेको दरखास्तमा उल्लिखित जग्गाहरू र ती जग्गामा रहेका भौतिक एवं प्राकृतिक सम्पत्ति समेतको चलन चल्तीको मोल छुट्टाछुट्टै स्पष्ट गरी खुलाई दुबै पक्ष विपक्ष तथा गा.वि.स. प्रतिनिधि समेतको रोहबरमा राखी जिल्ला अदालत नियमावली २०५२ को नियम ७५ मा उल्लिखित कार्यविधि र प्रक्रिया पूरा गरी पुनः तायदात मुचुल्का एवं पञ्चकीर्ते मोल कायम गरी प्रचलित कानूनको प्रक्रिया पूरा गरी बिगो भराउने कार्य सम्पन्न गर्नु भनी विपक्षी सर्लाही जिल्ला अदालतको नाममा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन २० गते रोज ६ शुभम्।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-००९१, लेनदेन, *नइमुल्ला इराकी वि. ईन्ताज अली मनिहार*

प्रतिवादी नइमुल्ला र दानबहादुर शाहीको बीचको आन्तरिक सम्झौताको आधारमा उक्त ईंटा भट्टा दानबहादुर शाहीले सञ्चालन गरे तापनि सो आधारमा ईंटा भट्टाका प्रोप्राइटर यी प्रतिवादीले ईटा भट्टाले तिर्न बाँकी रकम तिर्न पर्ने दायित्वबाट उन्मुक्ति पाउन सक्छ भन्न मिल्ने हुँदैन। अर्का प्रतिवादी मुन्सीराम

छविलेले तिर्न बाँकी रकम भनी लेखी दिएको चिटको सम्बन्धमा खण्डन गरी प्रतिउत्तर फिराएको देखिँदैन, र प्रतिवादी नइमुल्लाले समेत आफ्नो पत्रअनुसार मुन्सीले तयार गरी तिर्न बाँकी रकम उल्लेख गरी वादीलाई दिएको चिटको सम्बन्धमा अन्यथा भन्न सकेको नदेखिँदा प्रतिवादी नइमुल्लाको पत्रको आधारमा मुन्सीराम छविलेले हिसाब गरी तिर्न बाँकी रकम उल्लेख गरी वादीलाई लेखी दिएको चिटमा उल्लिखित रकम वादीले प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CI-०६८८, अंश, *नन्दकला गुरूङ्ग वि.गोपाल सिँह गुरूङ्ग*

कुनै पनि सम्पत्ति निजी आर्जन र हकको ठहर गर्न अंशबण्डाको १८ नं. बमोजिम निजी तवरबाट बकस पाएको वा अपुताली परेको वा आफ्नो निजी ज्ञान सीपबाट प्राप्त गरेको सम्पत्ति हुनुपर्ने हुँदा नेपाल पुनर्वास कम्पनीबाट यी प्रत्यर्थी वादी समेत सगोलमा रहँदा पुनरावेदक प्रतिवादीको नाममा खरीद भएको जग्गा र घर समेतमा यी वादीको अंश हक नलाग्ने भन्न नमिल्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CI-०३७५, CI-०३९१, अंश चलन, श्री*मती सुकमाया महर्जन समेत वि. जगतबहादुर महर्जन समेत, नानी महर्जन समेत वि.श्रीमती सुकमाया महर्जन समेत*

कि.नं. ६४ र ७० को जग्गा दर्तावाला जगतबहादुर यी वादी प्रतिवादीको पति पिता भएकोमा विवाद देखिँदैन । वादी प्रतिवादी सगोलमा रहँदाकै अवस्थामा प्र. जगतबहादुरले कि.नं. ६४ र ७० को जग्गा बकसपत्रबाट प्राप्त गरको देखिन्छ । बकसपत्रबाट प्राप्त भएको सम्पत्ति बिक्री व्यवहार गर्नको लागि बकस पाउनेले आफूखुश गर्न पाउने भए पनि अंशको प्रयोजनको निमित्त पति र पिताले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्ति भए पनि पत्नी र छोराको लागि पैत्रिक सम्पत्ति मानिने ।

प्रतिवादी जगतबहादुर महर्जनले रा.वा.बैंक कीर्तिपुर शाखाबाट कि.नं. ६३ को जग्गा धितो राखी ऋण लिएको देखिएकोमा सो ऋण लिँदाको अवस्थामा यी वादी प्रतिवादी सगोलमा रहेको र सगोलमा रहँदाको अवस्थामा लेनदेन व्यवहारको ८ नं. समेतको व्यवस्थाअनुरूप घरको मुख्य व्यक्ति यी वादीका पति पिताले लिएको ऋण दिनुपर्ने दायित्व सगोलमा रहेका सबै अंशियारको हुने हुँदा सो ऋण सगोलको हुँदा सो ऋण तिर्नु पर्ने दायित्व यी पुनरावेदक वादीमा नरहने भन्न नमिल्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६६-WO-०३९२, उत्प्रेषण परमादेश समेत, *खड्गबहादुर घर्ती समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा ७२ अनुसार नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी आफूमा रहेको अधिकार सो सूचनामा तोकिएको अधिकारीलाई प्रत्योजन गर्न सकिने कानूनी व्यवस्था भएकोमा सोबमोजिम राजपत्रमा कुनै सूचना नै प्रकाशन नगरी कानूनमा तोकिएको कार्यविधि पूरा नगरी निवेदकहरूलाई सरूवा गरेको कार्य सो कानूनी व्यवस्थाअनुकूलको नहुँदा कानूनको उचित प्रक्रिया नै नपुऱ्याई निवेदकहरूलाई सरूवा गरेको जिल्ला प्रशासन कार्यालय, दाङ्गको मिति २०६६।४।२६ को निर्णय तथा मिति २०६६।४।२७ को सरूवापत्र समेत कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६४-WO-०५६१, उत्प्रेषणयुक्त परमादेश समेत, *बहादुरकृष्ण ताम्राकार समेत वि. काठमाडौं महानगरपालिका समेत*

कानूनमा उपचारको बाटो उपलब्ध भएसम्म सम्बद्ध अधिकारी निकायबाट उपचार खोज्नु पर्दछ। कानूनमा वैकल्पिक कानूनी उपचारको व्यवस्था उपलब्ध भएकोमा यस अदालतको रिट क्षेत्रको असाधारण अधिकार प्रयोग गरी उपचार प्रदान गर्न मिल्दैन र गर्ने पनि नगरिएकाले निवेदकहरूले वैकल्पिक कानूनी मार्ग अनुशरण नगरी सीधै रिटक्षेत्रमा प्रवेश गरेको देखिँदा वैकल्पिक कानूनी उपचारको विद्यमानतामा रिट क्षेत्रबाट उपचार प्रदान गर्न मिलेन, प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको CR-०२५३, भ्रष्टाचार, *रामशरण खड्का वि. नेपाल सरकार*

जिम्मेवार सार्वजनिक ओहदामा बसेको व्यक्तिले परीक्षा उत्तीर्ण नै नगरी झुट्टा शैक्षिक प्रमाणपत्र ग्रहण गरी कुनै नयाँ शैक्षिक उपाधि धारण गर्दछ भने सो कार्य अपराधजन्य कार्य हुन जाने।

कुनै नक्कली शैक्षिक उपाधिको माध्यमबाट आफूले फाइदा प्राप्त गरी नसकेको वा गर्ने उद्देश्य नरहेको भनी जिकीर लिँदैमा निजले कीर्ते, नक्कली वा जाली सर्टिफिकेट धारण गरेको कार्य कसूरजन्य कार्य होइन भनी मान्न नमिल्ने।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CR-०५९५, भ्रष्टाचार, *नेपाल सरकार वि. रमन श्रेष्ठ समेत*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको प्रज्ञापनपत्र नं. ६७९१ रसिद नं. ५४१३१७ मिति २०५१।१।१ गते भन्सार भई आई मिति २०५१।१।१४ गते दर्ता कायम भएको भनी उपत्यका ट्राफिक प्रहरी कार्यालय (अ.अ. तथा कारवाही शाखा) ले मिति २०६०।७।२४ मा लेखेको पत्रलाई अन्यथा भन्न सकिने स्थिति रहेको नदेखिएको समेत हुँदा बा.२ च २४६७ नं. को सवारी साधन चोरी पैठारी गरिएको तथ्य स्थापित हुन सकेको पाइएन। सो नपाइनुको साथै प्रतिवादीहरूले बद्नियत गरी सो सवारीको नामसारी दर्ता गर्ने गराउने कार्य गरेको कुराको पुष्ट्याई समेत ठोस रूपबाट भएको नपाइएकोले प्रतिवादीहरूलाई सजाय गरी सवारी साधन जफत गरिपाऊँ भन्ने समेतको वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसक्ने।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः भवानी ढुगाना

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको २०६७-WO-००४६, उत्प्रेषणयुक्त परमादेश, *नारायणप्रसाद भट्टराई वि. नेपाल खाद्य संस्थान, प्रधान कार्यालय समेत*

कानूनबमोजिम अवकाश प्राप्त गरेको देखिएपछि निवेदकले सेवा शर्तको कानूनबमोजिम पाउने सुविधाको रकमका सम्बन्धमा यो वा त्यो कारण देखाई कानूनबमोजिम प्राप्त गर्ने सुविधा दिन इन्कार गर्न नमिल्ने।

असूलउपर गर्नुपर्ने देवानी दावीको रोहमा कुनै रकम असूल गर्नुपर्ने ठहर भएमा सोहीबमोजिम हुने र त्यसका लागि छुट्टै कारवाही अवलम्बन समेत गर्नुपर्नेमा सो समेत नभएको स्थितिमा अवकाश प्राप्त गरिसकेको र अवकाशपछि निजले सेवा शर्तको कानूनबमोजिम प्राप्त गर्ने, रकम पाउने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ ६ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको CR-०२५२, डाँका, *नेपाल सरकार वि. ब्रम्हदेव मुखिया समेत*

जाहेरी दिँदा आफ्नो यो यो यस्तो यस्तो सामान डाँका भएको भनी खुलाई जाहेरी दिएको पनि देखिँदैन। बरामद भएपछि मात्र यो आफ्नो सामान भनी भन्नेले पहिले पनि यो यो यस्तो यस्तो सामान

भनी मालधनीले खुलाई दिन सक्नुपर्ने हुन्छ । यदि त्यसरी खुलाउन नसकेकोमा सामान पछि देखेपछि तथ्ययुक्त र भरपर्दो प्रमाणसहित आफ्नो हो भनी दावी गर्न सक्नुपर्ने हुन्छ । त्यसका अभावमा जाहेरवालाले आफ्नो भन्दैमा निजको मान्न सकिने अवस्था देखिन्न । प्रतिवादीहरूउपरको दावी शंकारहित तवरले पुष्टि र प्रमाणित भएमा मात्र कसूर कायम हुन सक्ने हुन्छ जबसम्म वादी पक्षले शंकारहित तवरले दावी पुष्टि र प्रमाणित गराउन सक्दैन, तबसम्म शंकाका. सुविधा अभियुक्तले पाउने देखिन्छ । आरोपित कसूर गरेको भन्ने देखिने शंकारहित तथ्ययुक्त प्रमाणको अभावमा प्रतिवादीहरूलाई सफाई दिने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृत:श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको CI-०७६९, निर्णय बदर खिचोला मेटाई हक कायम समेत, *मु.स. गर्ने शोभालक्ष्मी गोर्खाली समेत वि. प्रेमबहादुर खड्का*

पुनरावेदकहरूले प्रत्यर्थी वादीको हुने गरी आफ्नो हक नै परित्याग गरिसकेको र त्यसरी आफ्नो हक परित्याग गरिएको मञ्जूरीको अस्तित्व कायम रहिरहेको अवस्थामा विवादित जग्गाहरू प्रत्यर्थी वादी प्रेमबहादुर खड्काका नाममा दर्ता भै खिचोला मेटाई हक कायम हुने नै देखिँदा विवादित जग्गाहरू मोही वादी प्रेमबहादुर खड्काका नाममा दर्ता भै खिचोला मेटाई हक कायम हुने ।

इजलास अधिकृत:श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-०१४१, उत्प्रेषण परमादेश, *शीला राना मगर वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

मोहियानी हक जे जस्तो प्रकृतिको जग्गामा भए पनि उक्त हकलाई भूमिसम्बन्धी ऐन, २०२१ अनुसार प्रचलनमा ल्याउन सक्नु पर्दछ । प्रस्तुत मुद्दामा निवेदिकाले उक्त ऐनबमोजिम आफ्नो माहियानी हक स्थापित गराउन सक्नु भएको समेत देखिँदैन । आफ्नो निर्विवाद हक स्थापित देखाउन नसकी नेपाल सरकारको नाउँमा दर्ता रहेको जग्गामा मोहियानी हक कायम गरी पाउनु पर्दछ भन्ने निवेदन जिकीर उचित नदेखिँदा रिट खारेज हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको WO-०१२२३, उत्प्रेषणयुक्त परमादेश समेत, *उदयचन्द्र पराजुली वि. मालपोत कार्यालय डिल्लीबजार समेत*

कानूनद्वारा निर्दिष्ट कार्य पूरा गरी निवेदकको निवेदनमा आवश्यक कारवाही गरी टुङ्गो लगाउनु पर्नेमा कानूनी बाटो नै अवलम्बन गरी नसकी मिति २०६७।१।१६ को आदेशद्वारा हाल साविक गर्न नमिल्ने भनी निवेदकको निवेदन तामेलीमा राख्ने गरेको मालपोत कार्यालयको निर्णय नमिलेकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब निवेदकको निवेदनमा पूरा गर्नुपर्ने उपरोक्तबमोजिमको कार्य पूरा गरी टुङ्गो लगाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत:श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको ०६७-WH-००४६, बन्दीप्रत्यक्षीकरण, *धनबहादुर कार्की वि. गुञ्जबहादुर कार्की समेत*

प्रस्तुत रिट निवेदनमा निवेदकले विपक्षीहरूले निवेदनमा उल्लिखित व्यक्तिहरूलाई पक्राउ गरी थुनेको भन्ने कुनै आधारभूत सूचना एवं तथ्य स्थापित गर्न सकेको देखिन्न । यसरी निवेदनमा उल्लिखित व्यक्तिलाई विपक्षीहरूले पक्राउ गरेको वा थुनेको भन्ने आधारभूत सूचना एवं तथ्य नै स्थापित नगरी विपक्षी बनाई आदेश जारी गरी पाउन माग गरेको देखिँदा त्यस्तो अपरिपक्व एवं आधारभूत सूचना उल्लेख नै नगरेको

निवेदन व्यहोरालाई सत्य साँचो मानी विपक्षीहरूका नाउँमा आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन २७ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको CR-०३३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बिमला भट्ट धिताल*

प्रतिवादी बिमला भट्टको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयानबाहेक प्रस्तुत मुद्दामा यी प्रतिवादी बिमला भट्टले उक्त वारदात घटाउने कार्यमा षड्यन्त्र गरेको हुन् भनी विश्वास गर्नुपर्ने वस्तुनिष्ठ एवं ठोस प्रमाणको अभाव हुँदा प्रतिवादी बिमला भट्टलाई अभियोग दावीबाट सफाई हुने ।
इजलास अधिकृतः बिमल पौडेल
इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको CI-०४८४, अंश चलन, *सान्नानी भन्ने महकुमारी गजुरेल समेत वि. कान्छी गजुरेल*

अंश कानूनबमोजिम स्थापित कुनै खास परिवारमा जन्मकै आधारमा प्राप्त हुने नैसर्गिक हकको विषय भएकाले व्यक्तिको नैसर्गिक हकलाई प्राङ्न्यायको सिद्धान्तको हवाला दिई निस्तेज गर्न हुँदैन । परिवारको सदस्य भएको नाताले व्यक्तिले कानूनबमोजिम अंश पाएको वा परित्याग गरेको टड्कारो स्थिति बेगर अंशको हक गुमेको अनुमानित तर्क गरी अंशको हकलाई निरर्थक वा उपभोग अयोग्य हुने गरी कुनै व्याख्या गर्न समेत मिल्ने देखिन्न । अन्यथा सामान्य कार्यविधिगत वा प्राविधिक कारणले व्यक्तिले नैसर्गिक हक उपभोग गर्नबाट बञ्चित हुनुपर्ने अवस्था आउन सक्छ । अतः अघि वादीले दायर गरेको अंश मुद्दामा हाललाई दावी नपुग्ने गरी फैसला भएको देखिए तापनि सो निर्णय अन्तिम प्रकृतिको नभै तत्कालिक प्रकृतिको भएकोले मुद्दामा हारजीतको फैसला नभएकोले आफ्नो नैसर्गिक हकलाई उपभोग गर्नबाट वादीलाई रोक लगाउन नमिल्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको CR-०३७९, डाँका, चोरी, *नेपाल सरकार वि. आइत सिँह लामा समेत*

चोरी गरिसकेपछि फरार भएका प्रतिवादीहरूलाई निजले लुकाइराखेको ठाउँबाट दशी बरामद गरिएको अवस्थामा उक्त रकमबाहेक अन्य रूपैयाँ एवं सामान आफूहरूले चोरेको होइन भनी बरामद बिगोसम्म आफ्नो कसूर स्वीकार गरी प्रतिवादी झिल्के मोक्तानले अदालतमा बयान गरेको देखिँदा निजले आफूलाई दोषी करार गरी कसूर स्वीकार गरी गरेको बयानलाई अन्यथा मान्नुपर्ने देखिएन । त्यसका साथै उक्त बयान अन्यथा हो भनी वादी नेपाल सरकारले पुष्टि गर्न सकेको समेत पाइएन । यस अवस्थामा वस्तुनिष्ठ आधार प्रमाणको अभावमा अभियोगपत्रमा उल्लिखित बिगो नै वारदात हुँदा चोरी भएको बिगो हो भनी मान्न नमिल्ने ।
इजलास अधिकृतः बिमल पौडेल
इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०८८१, उत्प्रेषण परमादेश, *न्हुच्छे महर्जन वि. काठमाडौं महानगरपालिका समेत*

आवश्यक प्रक्रिया पूरा गरी विपक्षी प्रमोद देव मानन्धरले आफ्नो निजी स्वामित्वको कि.नं. १ को ०००३१.९० वर्गमीटरको जग्गामा पर्खाल लगाउनको लागि कानूनबमोजिम सम्बन्धित निकायमा नक्सापासको लागि निवेदन दिई साधिकार निकायबाट आवश्यक जाँचबुझ गरी पर्खाल लगाउने नक्सा पास भएकोमा निवेदकले विपक्षी प्रमोद देव मानन्धरको आफ्नो निजी हक भोगको जग्गामा पर्खाल लगाउने कार्य रोकिपाऊँ भनी अवरोध पुऱ्याउने उद्देश्यले दिएको उजूरी निवेदनको दावी पुग्न नसक्ने गरी काठमाडौं महानगरपालिकाबाट भएको निर्णयमा कानूनी त्रुटि नदेखिएको र सोबाट निवेदकको कुनै कानूनी हक हनन् भएको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०१७४, उत्प्रेषणमिश्रित परमादेश, *उषा थापा समेत वि. मा. मन्त्री महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

मिति २०६५।११।२६ को राजपत्रमा प्रकाशित सूचनाद्वारा विघटन गरी सोही मितिदेखि लागू हुने गरी सेवाबाट अवकाश दिने गरी नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट भएको मिति २०६७।३।२५ को निर्णय एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०६७।३।२७ को पत्र समेत भूतलक्षी असरको (Retrospective Effective) भई निवेदकहरूले विघटित महिला सीप विकास समिति र त्यसअन्तर्गतको महिला सीप विकास केन्द्रमा कार्य गरेबापत् प्रचलित कानूनअनुसार प्राप्त हुने तलब, भत्तालगायतका सम्पूर्ण रकम प्राप्त गर्ने हक अधिकारबाट बञ्चित हुने अवस्था देखिएकोले सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकहरू मिति २०६५।११।२६ देखि २०६७।३।२७ सम्म नेपाल सरकारले तोकेको कार्यलयमा रूजु हाजीर रहनुको साथै यस अदालतको २०६७।५।१५ को अन्तरिम आदेश समेतबाट अनवरत रूपमा कार्यरत् रहेको देखिँदा निवेदकहरूले प्रचलित कानूनबमोजिम पाउने तलब, भत्तालगायतका सम्पूर्ण रकम उपलब्ध गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०७३३, उत्प्रेषणमिश्रित परमादेश, *उपेन्द्रप्रसाद यादव वि. भगवती स्टील इण्डष्ट्रिज प्रा.लि. समेत*

निवेदक उपेन्द्रप्रसाद यादव विपक्षी भगवती स्टील इण्डष्ट्रिज प्रा.लि. को अस्थायी कर्मचारी भएको देखिएको र श्रम अदालत काठमाडौंबाट सबूद प्रमाण बुझी निवेदकलाई पूर्ववत् पदमा पुनर्बहाली हुने गरी २०६५।९।२४ मा फैसला भई न्याय निरोपण समेत भैसकेको अवस्थामा असाधारण अधिकार क्षेत्रअन्तर्गत पर्न आएको प्रस्तुत निवेदनबाट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पर्न गएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०२०७, उत्प्रेषणमिश्रित परमादेश, *महिबुब धोबी वि. सत्यकुमारी शाह (ठकुरी) समेत*

कानूनी प्रक्रिया पूरा गरी कागज प्रमाण समेतको समग्र मूल्याङ्कन गरी साधिकार निकायबाट न्याय निरोपण भएको विषय देखिएको र सोउपर निवेदकले ल्याएको दरपीठ सम्बन्धमा पनि हदम्याद समेतको आधारमा तह-तह विचार गरी दावी नलाग्ने ठहऱ्याई अन्तिम भएको विषय देखिएकोले यस अदालतको असाधारण अधिकारक्षेत्रभित्र पर्न आएको प्रस्तुत निवेदनबाट मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-WH-००६५, बन्दीप्रत्यक्षीकरण, *रामबहादुर जैसवाल वि. मालपोत कार्यालय, तौलिहवा कपिलवस्तु समेत*

कपिलवस्तु जिल्ला अदालतबाट निवेदक रामबहादुर जैसवालको नाउँमा मिति २०४७।५।१४ मा जारी भएको ७० दिने समाह्वान म्याद जारी गर्न निजको वतनमा खोजतलास गर्दा निवेदक फेला नपरेकोले मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम निजको घर दैलामा म्याद टाँस भई स्थानीय भद्र भलाद्मी साक्षी बस्नुको अलावा निवेदक रामबहादुर जैसवालको एकासगोलको भाई विजयकुमार जैसवाल समेत रोहबरमा साक्षी बसी सहीछाप समेत गरी सोको एकप्रति समाह्वान म्याद गा.वि.स. मा बुझाएको मिसिल संलग्न तामेली प्रतिबाट देखिएको अवस्थामा

कपिलवस्तु जिल्ला अदालतबाट तामेल भएको २०४७।५।१४ को समाह्वान म्याद कानूनबमोजिम रीत पुगेकै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था विद्यमान देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम्।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-WO-००४७, उत्प्रेषण समेत, *मेघनाथ न्यौपाने समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

सेती महाकाली ट्रक व्यवसायी संघको विधानको दफा ३ मा उल्लिखित प्रावधानबाट समेत परोक्ष रूपमा स्वच्छ र प्रतिष्पर्धात्मक आधारमा गर्ने सेवा, व्यापारलाई एकाधिकार गर्ने प्रावधान समेटिएको देखिएको र कानूनविपरीत संस्थाको विधानमा कुनै कुरा व्यवस्था गर्न नमिल्ने हुनाले उल्लिखित प्रावधान समेत हटाउन विपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेश समेत जारी हुने ठहर्छ। साथै विपक्षीसँगको उपरोक्त सहमति एवं निर्णय एवं क्रियाकलापबाट सिण्डिकेट, कार्टेलिङ जस्ता गैरकानूनी एवं एकाधिकार रूपमा वस्तु वा सेवा व्यापार गर्ने अधिकार वैध नहुने हुनाले सो सम्बन्धी सबै किसिमका क्रियाकलाप रोकी कानूनको सही रूपमा कार्यान्वयन गर्नु कानूनको सही कार्यान्वयन गर्ने सम्बन्धमा सबै उपाय अवलम्बन गर्नु भनी विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्‌को कार्यालय, गृह मन्त्रालय समेतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-०६७७, उत्प्रेषण समेत, *ज्योति बानियाँ समेत वि. नेपाल यातायात व्यवसायी महासंघ नयाँ बानेश्वर समेत*

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र सरकारका बीच सम्पन्न मिति २०६३।१०।८ को सहमति कार्यान्वयनका लागि २०६५।९।२६ मा भएको सहमति र २०६५।९।२६ को मन्त्रीस्तरीय निर्णय एवं सोका आधारमा जारी गरिएका पत्राचार समेतका कानूनले नतोकेको अतिरिक्त शर्तहरू सिर्जना गरी कानूनले अधिकार नदिएको संस्थाको सिफारिश आवश्यक बनाई गरिएका निर्णय समेत गैरकानूनी देखिएकोले सोही निर्णय पत्राचारलगायतका सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने।

कानूनबमोजिम सेवाहरू सुचारू गर्नु, एकाधिकार कायम हुने सिण्डिकेट कार्टेलिङ र त्यस्ता अन्य कुनै रूप वा क्रियाकलाप सञ्चालन नगर्नु, नगराउनु, सञ्चालन गर्न नदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ। साथै यो आदेशको कार्यान्वयनका सिलसिलामा सेवाप्रदायक संस्था वा व्यक्तिहरूले कुनै प्रकारको बाधा तथा अवरोध नगर्नु भन्ने समेत व्यहोराको आदेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको २०६५ सालको WO-०४२१, उत्प्रेषण परमादेश समेत, *शम्भुप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६३-WO-५७८, उत्प्रेषणयुक्त परमादेश, *स्वराज शाक्य समेत वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत*

एकातिर साधारण कानूनी उपचारको वैकल्पिक बाटो उपलब्ध भए पनि त्यसको प्रयोग नगरी यी निवेदकहरू यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेका छन् भने अर्कोतिर बोनस ऐन, २०३० लागू हुनेमा नहुने भनी बैंक नियमावली मात्रको आफूखुशी अर्थ गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन आएको छ। यस्तो

अवस्थामा निवेदकहरूको माग दावी उचित नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतःश्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६७ सालको रिट निवेदन नं. ००५६, बन्दीप्रत्यक्षीकरण, *मीरादेवी पौडेल फुयाल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

फौजदारी मुद्दाको सिलसिलामा अधिकारप्राप्त निकायले कानूनबमोजिम पक्राउ गरी मुद्दा अनुसन्धान तहकीकात गर्ने प्रयोजनको लागि आफ्नो नियन्त्रणमा लिएको अवस्थामा गैरकानूनी पक्राउ गरेको भन्ने जिकीर लिई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी लिएको जिकीरलाई कानूनसम्मत मान्न मिलेन । निवेदक थुनामा बस्नुपर्ने हो वा होइन निज कसूरदार हुन् वा निर्दोष के हुन् भन्ने कुरा अदालतमा चलिरहेको सोही मुद्दाको रोहबाट नै विचार हुने विषय हो । मातहत अदालतबाट सामान्य न्यायिक प्रक्रियाअन्तर्गत भइरहेको न्यायिक कारवाही प्रभावहीन हुने गरी यस अदालतले रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृतः चुरामन खड्का
इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, ०६४-CR-०४४१, जबर्जस्ती करणी, *नेपाल सरकार वि. राजेन्द्र सिँह सिख*

जबर्जस्ती करणीको वारदात स्थापित हुन योनीको जाली च्यातिनै पर्ने पूर्वशर्त रहेको हुँदैन । यस्तो कन्याजाली च्यातिएको अवस्थाले अपराध स्थापित गर्न थप पुष्टि गर्नेसम्म हो । करणी भएको यकीनसाथ भन्न नसकिने भन्ने शारीरिक परीक्षण प्रतिवेदनले उल्लेख गरेको देखिए पनि सो परीक्षण घटना घटेको १० दिनपछि भएको देखिएबाट सो प्रतिवेदनलाई मात्र निर्णयाधारको रूपमा ग्रहण गर्न सक्ने अवस्था देखिन आएन । जाहेरी, जाहेरवालाको भनाई, पीडितको भनाई, बुझिएका मानिसहरूको भनाई समेत अन्य प्रमाणहरूले आपराधिक कार्यलाई स्थापित गरिरहेको अवस्थामा मनासिब समयभित्र नभएको परीक्षण प्रतिवेदनको राय अन्य प्रमाणहरूभन्दा भिन्न करणीको लक्षण नदेखिएको भन्ने परीक्षण प्रतिवेदन निर्णायक प्रमाणको रूपमा रहन सक्ने अवस्था देखिन नआउने ।

जबर्जस्ती करणीको अपराध र यसको उद्योगका बीचमा मनसाय र कार्यको दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन । केवल अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको स्थितिलाई उद्योगको रूपमा चित्रित गरिएको छ । मनसायपूर्वक गरिएको अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरूमध्ये मनसाय र तयारीसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागि कुनै कार्य गरेको हुँदैन । तसर्थ, यो चरणसम्म अपराधको उद्योगको प्रश्न उठ्दैन । तर त्यस्तो अपराध गर्न चाहने व्यक्तिले तयारीको चरणलाई पार गरी आपराधिक कार्य गरको देखिएमा त्यो कार्य उद्योगसम्म मात्र सीमित रहेको मान्न मिल्दैन । केवल पूर्ण अपराधको लागि परिभाषित आपराधिक कार्य स्थापित हुन नसकेमा त्यस्तो कार्यलाई मात्र सो अपराधको उद्योगको रूपमा ग्रहण गर्नुपर्ने ।

आपराधिक कार्य भइसकेको तर पूर्णता नपाएको अवस्था भएमा मात्र त्यो उद्योग हुने हो । यदि त्यस्तो कार्यले पूर्णता पाएको अवस्था भएमा सो कार्यले पूर्ण अपराध नै स्थापित हुन जाने हुन्छ, यस्तो अवस्थालाई उद्योग मात्र मान्न नमिल्ने ।

एकान्त घर कोठामा लगी करणी गरेको तथ्य स्थापित भइरहेको अवस्थामा सो कार्यलाई उद्योग मात्र भएको भनी मान्न मिल्ने अवस्था देखिन आएन । पीडितको योनीबाट रगत बग्नु, निजको कपडामा लाग्नु तथा यस कुराको पुष्टि सो अवस्थाका प्रत्यक्षदर्शीबाट हुनुबाट अपराधले पूर्णता पाएको स्वीकार गर्नुपर्ने ।
इजलास अधिकृतःश्रीप्रकाश उप्रेती
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०३०१, उत्प्रेषण, परमादेश, *श्यामबाबु सिँह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य गरेमा निजलाई विभागीय सजाय

गर्न निजले गरेको कसूरको मात्राअनुसार कारण र आधार खुलाई अख्तियारलाई लेखी पठाउने अधिकार आयोगलाई भएको देखिन्छ । त्यसरी लेखी आएमा अख्तियारवालाले पनि मनासिब कारण परेमा बाहेक ३ महिनाभित्रै विभागीय कारवाही गरिसक्नुपर्ने, नगरेमा अख्तियारवालाले नै अनुचित कार्य गरेको मानी निजउपर आयोगले कारवाही गर्नसक्ने भन्ने देखिन्छ । यसबाट कसूरको मात्राअनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न आयोगले अख्तियारवालालाई लेखी पठाउन सक्नेसम्मको अधिकार उक्त दफाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रदान गरेकोमा यो यति सजाय गर्नु भनी सजाय समेत किटान गरी सोको कार्यान्वयन गराउन पाउने अधिकार आयोगलाई रहेको देखिएन । अख्तियारवालाको अधिकारको संकुचन वा सो अधिकार निष्प्रभावी हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गर्न पाउने भन्ने उक्त ऐनको मनसाय नभएको हुँदा सार्वजनिक पद धारण गरको व्यक्तिले गरेको कसूरको मात्राअनुसार कारण र आधार खुलाई विभागीय कारवाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउने सम्मको अधिकार विपक्षी आयोगको रहेको देखिएकोमा अधिकारक्षेत्रभन्दा बाहिर गई विपक्षी आयोगले रिट निवेदकको ५ तलब वृद्धि रोक्का गर्नु भनी सजायसमेत किटान गरी जिल्ला शिक्षा कार्यालयमा पत्राचार गरेको देखिँदा त्यस्तो क्षेत्राधिकारविहीन निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन ३ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट निवेदन नं. ०२७८, उत्प्रेषणयुक्त परमादेश, *बलराम थापा मगर वि. भूमिसुधार कार्यालय, काठमाडौं समेत*

मोही लगत कट्टा निवेदन खारेज गरेउपर कानूनले तोकेबमोजिम पुनरावेदन जान सक्ने र त्यसो भएमा अन्तिम निर्णय भए वा त्यस्तो कानूनी चुनौती गर्ने अवस्था वा समय व्यतीत भएपछि विपक्षी कार्यालयमा मुल्तवी रहेको यी निवेदकको निवेदन दावीउपर कानूनबमोजिम निर्णय गर्ने काम गर्नुपर्ने ।

विवाद सिर्जना भएको अवस्थामा पछि कारवाही गर्ने गरी मुल्तवी राखेको कारणबाट निवेदकको संविधानप्रदत्त वा कानूनप्रदत्त साम्पत्तिक अधिकारसम्बन्धी मौलिक वा कानूनी हक हनन् भएको भन्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत: चुरामन खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट निवेदन नं. ०३०२, उत्प्रेषणयुक्त परमादेश, *खड्गप्रसाद चौलागाई वि. जिल्ला प्रहरी कार्यालय मकवानपुर हेटौंडा समेत*

प्रचलित नेपाल कानूनले प्रहरी अधिकारी वा कार्यालयलाई वैवाहिक सम्बन्ध कायम गरिदिने वा नाता कायम गर्ने गराउने वा नाता सम्बन्ध कायम हुने प्रमाण पुग्ने किसिमको कुनै लिखत वा कागज गर्ने गराउने वा त्यस्तो प्रकृतिको कार्य गर्न गराउन पाउने अधिकार प्रदान गरेको पाइँदैन । प्रत्येक सरकारी निकाय र अधिकारी कानूनप्रदत्त अधिकारको प्रयोग कानूनले तोकिएबमोजिम नै गर्नुपर्छ । यो कानूनको शासनको मूल मर्म हो । यसबाट कुनै पनि व्यक्ति वा पदाधिकारीलाई गैरकानूनी काम गर्नबाट रोक लगाइएको छ । आफूलाई कानूनप्रदत्त अख्तियारी बेगर कुनै व्यक्तिको जीवन र नातासम्बन्धमा प्रत्यक्ष वा परोक्ष असर पर्ने गरी निजको सहमति वा मञ्जूरी अमान्य हुन जाने ।

निवेदक र शर्मीलाबीच पहिलादेखि नै लोग्नेस्वास्नीको वैवाहिक वा नातासम्बन्ध छ भने त्यसको संरक्षण र प्रचलनका लागि कानूनी उपायको अवलम्बन गर्न दुबै पक्षलाई कानूनले अधिकार प्रदान गरेको छ । तर प्रहरी कार्यालयमा गएर विवादित नातासम्त्रन्धलाई प्रमाण पुग्ने कुनै प्रकारको लिखत वा कागज खडा गर्न गराउन नमिल्ने ।

इजलास अधिकृत: चुरामन खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०२०७, ०६५-CI-०५१८, निर्णय दर्ता बदर, *गुठी संस्थान शाखा कार्यालय तःबहाल ललितपुर वि. हरिकपि कपाली, राम महर्जन वि. हरिकपी कपाली*

प्रत्यर्थीले पुनरावेदन अदालत पाटनमा दर्ता गराएको पुनरावेदन पत्रमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ वा गुठी संस्थान ऐन, २०३३ को दफा ३९(२) बमोजिम पुनरावेदकीय अधिकारक्षेत्र प्रयोग गरी पुनरावेदन अदालतले निर्णय गर्न सक्ने देखिँदैन । यसरी अधिकारक्षेत्र नभएको विषयमा परेको पुनरावेदनको तथ्यभित्र प्रवेश गरी निर्णय गर्न नमिली खारेज गर्नुपर्नेमा सो नगरी पुनरावेदन अदालतले गरेको फैसलामा अधिकारक्षेत्रात्मक त्रुटि विद्यमान रही सो फैसला मिलेको नदेखिँदा हरिकपी कपालीको पुनरावेदन लिई गुठी संस्थान शाखा कार्यालय ललितपुरको मिति २०६३।२।१८ को निर्णय बदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१।८ को फैसला नमिलेकोले बदर भई प्रत्यर्थी हरिकपी कपालीले पुनरावेदन अदालत पाटनमा गरेको पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CR-०३३६, कीर्ते, *गोपीलाल दास तत्मा वि. रामलखन दास तत्मा समेत*

तत्काल प्रचलित कीर्ते कागजको १८ नं. ले कार्य भए गरेको मितिले दुई वर्षभित्र नालिस दिनुपर्ने हदम्यादको व्यवस्था गरेको देखिन्छ । अदालत व्यवस्थापन तथा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा कीर्ते कागजको १८ नं. मा मिति २०५९।५।२७ मा भएको संशोधन अघिसम्म सोही दुईवर्षे हदम्यादको कानूनी व्यवस्था लागू रहेको पाइन्छ । यसरी वादी दावीअनुसार वारदात मिति २०५६।२।२४ मा भएको हो भने सोही मितिले सो अवस्थामा मिति २०५९।५।२७ भन्दा अघिसम्म प्रचलित कीर्ते कागजको १८ नं. अनुसार दुईवर्षको हदम्याद गुजारी मिति २०५८।९।१६ मा प्रस्तुत फिराद दायर गरेको हदम्यादभित्र दायर नभएको फिरादबाट तथ्यभित्र प्रवेश गरी ठहर इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६५-CI-०३१२, निवेदन कागज तथा सनाखत कागज बदर, *गोपीलाल दास तत्मा वि.रामलखन दास तत्मा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३-WO-०८६७, उत्प्रेषण, *अभयविक्रम साह वि. प्रहरी नायब महानिरीक्षक, मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेत समेत*

बिदाको माग गर्नुलाई नै बिदा स्वीकृत भएको भन्ने अर्थ गरी यी निवेदक लामो समयसम्म कार्यालयमा नगई बसेबाट निज आफूलाई तोकिएको दरबन्दीमा गैरहाजिर रही प्रहरी नियमावली, २०४९ को नियम ८८ को खण्ड (झ) को अवस्थाको सिर्जना भएको देखिने ।

आफू वर्षौंसम्म गैरहाजिर भएर बस्ने र पछि आफूलाई समयमा जानकारी दिइएन वा रीतपूर्वकको म्याद तामिल गरिएन भनी भन्न पनि यस्ता प्रहरी कर्मचारीको लागि सुहाउँदो र उपयुक्त नहुने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CI-०१७४, अपुताली हक कायम दर्ता खिचोला चलन, *बासुदेव ठाकुर लोहार वि. कोशीलादेवी ठाकुर*

वादीका पति र प्रतिवादी दाजुभाइ भई निजहरूको आमाको नाममा रहेको जग्गा आमाको शेषपछि निजहरूले नै पाउनेमा विवाद देखिँदैन । वादीका पतिको मृत्यु भएको अवस्थामा यी वादीले आफ्नो लोग्नेको भाग हिस्साको जग्गा पाउने नै भएको र यसतर्फ प्रतिवादीको समेत अन्यथा भन्न नसकेको अवस्थामा वादी दावीको जग्गामा हक कायम भई दर्ता हुने र सो जग्गामा प्रतिवादीले खिचोला गरेको समेत देखिँदा विवादित

जग्गामा वादीको अपुताली हक हुने र सो जग्गामा प्रतिवादीले खिचोला गरेको ठहर्ने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CI-०२०५, निर्णय बदर, दर्ता बदर दर्ता कायम, *लोकबहादुर दाहाल समेत वि. दुर्गाबहादुर दाहाल*

जग्गाको विषयमा अदालतमा विवाद परी सो सम्बन्धमा अदालतबाट फैसला भई चलनतर्फ निवेदन समेत परी कारवाहीयुक्त अवस्थामा पुनः फैसला बदर मुद्दा परेको कारण चलनको कारवाही रोकिएकोसम्म देखिन्छ । तर सो फैसला बदर मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा ७ नं. नापी गोश्वारा संखुवासभाले प्रतिवादीहरूको नाममा अस्थायी दर्ता गरेको कार्यलाई कानूनसम्मत भएको कार्य भनी मान्न नमिल्ने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-CI-१०९४, निषेधाज्ञा, *मजाहिर राउत गदी वि. जलिल राउत गदी*

निवेदकको मोहियानी हक छ वा छैन ? निज मोही कायम हुन सक्छन् सक्दैनन् भन्ने सम्बन्धमा प्रस्तुत निषेधाज्ञाको निवेदनको रोहबाट विचार भई निर्णय हुने थिएन । जहाँसम्म निवेदकले यस सिजनमा रोपाई हुने बिऊ खसाली खनजोत गरिरहेकोमा जग्गाधनीले जग्गा कब्जा गर्ने आशंका भएकोले निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भन्ने दावी लिएको सम्बन्धमा विचार गर्दा प्रस्तुत निवेदन मिति २०६६।२।२७ मा परेको देखिएकोले निवेदकको दावी सोही सिजनका लागि परेको देखिन्छ । हाल उक्त सिजन समाप्त भइसकेको अवस्था हुनाले निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-CI-०२२६, परमादेश, *गुलाबचन्द्र साहनी वि. भगवानप्रसाद चौधरी समेत*

निवेदकले तोकिएको पारिश्रमिक स्वीकार गरी दुई वर्षभन्दा बढी अवधि गाउँ विकास समितिमा काम गरिसकेको देखिन्छ । निज कार्यरत् रहँदा सो विषयमा निजको कुनै उजुरी परेको पाइदैन । निवेदकलाई २०५८।११।१२ मा अवकाश दिइसकेपछि मिति २०६५।१।८ मा मात्र परमादेशको निवेदन लिई निवेदक अदालतमा प्रवेश गरेको देखियो । यसबाट प्रस्तुत निवेदन अनुचित विलम्ब गरी दायर हुन आएको देखिँदा खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६६-CI-०२२७ निषेधाज्ञामिश्रित परमादेश, *गुलाबचन्द्र साहनी वि. भगवानप्रसाद चौधरी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३७१७, कीर्ते ठगी, *नेपाल सरकार वि. प्रदीपकुमार यादव समेत*

खाता खोल्दा टाँसिएको फोटोवाला व्यक्तिलाई रामचन्द्र राउतकै नामले चिन्दछु भनी वयान गरेअनुसार कथित रामचन्द्र राउतलाई प्रबन्धकसमक्ष गरेको प्रतिवद्धताअनुरूप प्रमाणको रूपमा अदालतसमक्ष उपस्थित गराई सफाई लिन सकेको नपाइनुको अतिरिक्त मुख्य अभियुक्त रामविनय यादवले कसूर स्वीकार गरेको तथ्यबाट पनि निजको सो भनाइ खण्डित भएको र जाहेरवालाले किटानी पोल गरेको समेतका आधार प्रमाणबाट रामविनय यादवलाई ठगी गर्ने कार्यमा सहयोग गरेको प्रमाणित भएकोले निज दिनेशकुमार लाभलाई कसूरबाट उन्मुक्ति दिन नमिल्ने ।

मुख्य कारणी प्रतिवादी रामविनय यादवलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम कैद वर्ष १ गरेको सजाय मिलेकै देखियो । तर बिगो र जरीवानातर्फ निजले बैंकबाट ठगी गरेको जम्मा बिगो रू. १,९०,१००।- मध्ये प्रतिवादीहरू देवेन्द्र यादव र

प्रदीपकुमार यादवले लिई पाएको रकम रू. ६०,०००।- कटाई बाँकी रहन आएको रकम रू. १,३०,१००।- निज जिम्मा रहन गएकोले निजबाट बिगो रू. १,३०,१००।- भराई बिगोबमोजिम रू. १,३०,१००।- जरीवाना हुन्छ । तसर्थ शुरू धनुषा जिल्ला अदालतको मिति २०५९।११।२८ र पुनरावेदन अदालत, जनकपुरको मिति २०६२।९।२० को फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल असोज ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको वि.नं. ०००७, अदालतको अपहेलना, *राधेश्याम पराजुली वि. बालकृष्ण बस्नेत समेत*

मिति २०६३।५।४ तथा २०६३।५।५ मा प्रकाशित समाचारको सम्प्रेषण अदालतको अपहेलना गर्ने मनसायले नभै स्वस्थ प्राज्ञिक छलफलका लागि प्रकाशित भएको हो भनी उल्लेख गरेको देखिन्छ । २०६२ सालको विविध फौ.नं. ११६ को निवेदनमा यस अदालतबाट अदालतको न्यायिक कारवाहीमा दखल नपुगेको हदसम्म अदालतका न्यायाधीश र न्यायाधीशबाट भएका आदेश फैसलाको पूर्वाग्रहरहित भई स्वच्छ रूपमा टीकाटिप्पणी र आलोचना गर्न पाउने भनी अदालतको अपहेलना नठहर्ने गरी निर्णयसमेत भएको देखिन्छ । प्रस्तुत विषयमा विपक्षीहरूको उल्लिखित कार्यबाट यस अदालतको अपहेलना भयो भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको फौ.पु.नं. ००४१, २०६५ सालको फौ.पु.नं. ०५९१, कर्तव्य ज्यान, *डम्बरबहादुर थिङ्ग तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सानो डिलबहादुर थिङ्ग तामाङ समेत*

मृतक र प्र. डम्बरबहादुरबीच सामान्य भनाभनको विषयलाई लिएर यी प्रतिवादीले मृतकलाई मर्नसक्छ भन्ने जानीजानी शरीरका विभिन्न भाग पेट समेतमा कुटपीट गरी सोही चोटका कारण मृत्यु भएको कुरा माथि विवेचित आधार र कारणबाट पुष्टि हुन आएकोले ज्यानजस्तो संगीन अपराध गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको अवस्थामा आकर्षित नै नहुने भवितव्यको कसूर ठहर गरी सजाय गर्न फौजदारी न्यायको सिद्धान्त समेतले नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत १६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको CR-०१२५, भ्रष्टाचार, *भरत गौतम वि. नेपाल सरकार*

आफूले पेश गरेको भारतीय विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्र फर्जी हो भनी लेखी आएकोमा उक्त प्रमाणपत्र झूट्टा नभई सक्कली भएको विश्वसनीय ठोस प्रमाण गुजार्न नसकेको अवस्थामा पुनरावेदक प्रतिवादीले पेश गरेको प्रमाणपत्र नक्कली नै हो भनी मान्नुपर्ने देखियो । यस अवस्थामा नक्कली प्रमाणपत्र ल्याई पेश गर्ने प्रतिवादी भरत गौतमले भ्रष्टाचार निवारण ऐनको दफा १२ को कसूर गरेको ठहर गरी सोही ऐनको दफा १२ र २९(२) बमोजिम ५००।- (पाँचसय रूपैयाँ) जरीवाना हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको CR-०३१६, घरमा आगो लगाई दिई डाँका गरेको, *नेपाल सरकार वि. लालपति बुढाथोकी समेत*

मुल्तवी राख्नै नमिल्ने प्रकृतिको मुद्दाका फरार प्रतिवादीहरूका हकमा मुल्तवी राख्ने गरी भएको फैसलामा अ.बं. १९० नं. को त्रुटि भएकोले शुरू रोल्पा जिल्ला अदालतको फैसला बदर गरी दिई पुनः फैसला

गर्नु भनी शुरू रोल्पा जिल्ला अदालतमा फिर्ता पठाई दिने गरी भएको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६३।२।२३ को फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ख) तथा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १९२ नं. बमोजिमको त्रुटि देखिएकोले सो फैसला बदर हुने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं. ०३६४, वन अतिक्रमण, *नेपाल सरकार वि. शम्भु गिरी समेत*

व्यक्तिको संख्याअनुसार घर छाप्राहरू बन्ने बनाउने छाप्राहरू सोभन्दा घटी बढी नबन्ने नबनाउने भनी अनुमान गर्नु विवेकसम्मत् नहुन सक्दछ । कसूर ठहर भएका दुईजनाले मात्र आरोपित सम्पूर्ण वारदात वा कसूर गर्न नसक्ने तर्क गर्ने हो भने पनि सो वारदातमा अन्य व्यक्तिहरू संलग्न भएको ठोस आधारबाट पुष्टि गराउन सक्नु पर्ने हुन्छ । त्यस अवस्थामा मात्र अन्य व्यक्तिहरू कसूरदार हुन् भनी मान्न सकिन्छ अन्यथा जंगल फँडानी भएको मात्रालाई हेरी त्यस्तो कार्य थोरै जनाले मात्र गर्न सक्दैनन् भनी अनुमान गरी अन्य व्यक्तिहरूलाई स्वतन्त्र एवं वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा कसूरदार कायम गर्नु न्यायोचित नहुने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं. ३७६, जालसाजी, *थमनसिँह गुरूङ्ग वि. बद्रीप्रसाद श्रेष्ठ*

२०५५।१०।२९ को लिखतउपर प्रस्तुत मुद्दाको फिराद दायर भएकोमा जुन लिखतको जरीयाबाट अथवा जुन-जुन प्रतिवादीहरूको कार्यबाट वादीहरूको हकमा असर परेको हो सोही पक्षहरूलाई प्रत्यर्थी समेत बनाई पुनरावेदन पत्र दायर गर्नुपर्नेमा सो नगरी दायर भएको पुनरावेदन पत्रको कुनै औचित्य नरहने हुँदा प्रस्तुत पुनरावेदन पत्रबाट पुनरावेदन अदालतको फैसलामा भएको असहमति विषयले निरूपण हुन नसक्ने भई प्रस्तुत पुनरावेदनपत्र नै खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०४४१, कर्तव्य ज्यान, *बाबुकाजी तुलाधर वि. नेपाल सरकार*

मृतकलाई कुटपीट गरी बेहोस पारी बिष समेत खुवाएकोमा यी प्रतिवादी सावित भएको र निजको सो भनाईलाई मृतकको दिदी र छोरीसमेतले मौकामा र अदालतमा गरेको बकपत्रले समर्थन गरको देखिएको, मृतकले यी प्रतिवादीका विरूद्ध कुटपीट गरी यातना दिएउपर प्रहरीमा उजूर गरेको राति निजको मृत्यु भएको समेतका आधार प्रमाणबाट यी प्रतिवादीले मृतकलाई मारेको पुष्टि हुन आयो । त्यस्तै यी पुनरावेदकले आफू निर्दोष रहेको छु भन्ने तथ्य भरपर्दो प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन । यसको अतिरिक्त मृत्युको खबर प्रहरी तथा छरछिमेकीलाई नगराई गुपचुप गरी आफ्नै परिवार र नाताका मानिस मिली लासको दाह संस्कार गरेको र दाह संस्कार गर्नु पूर्व सम्बन्धित निकायमा जाहेर नगरी, जाँच गराई जलाउने कार्य गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महल ४ नं. बमोजिमको कसूर अपराध गरेको समेत उपरोक्त तथ्यबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादी बाबुकाजी तुलाधरलाई अभियोग दावीबमोजिम कसूर अपराध गरेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गरी ऐ. महलको ४ नं. बमोजिम थप ६ महिना कैद समेत हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल चैत १६ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको स.फौ.पु.नं. ३४८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धीरजप्रताप सिँह समेत*

प्रतिवादीहरूले मृतक शुकबहादुर लामालाई ठगी मुद्दाको अनुसन्धानको क्रममा हिरासतमा राखी अमानवीय रूपबाट कुटपीट गरी हत्या गरेको हो भन्ने शंकारहित तवरले पुष्टि हुन नसकेको स्थितिमा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०३३७, जीऊ मास्ने बेच्ने, *चूडामणि दाहाल समेत वि. नेपाल सरकार*

प्रतिवादी चूडामणि दाहालले आफू संरक्षक भै पीडितलाई सँगै लगेपछि र निज बेपत्ता भएको भन्ने समेत पुष्टि हुन आएको देखिएपछि सोको जवाफदेही निज प्रतिवादी नै हुनुपर्दछ । सँगै जीउने र मर्ने बाचा बन्धन गरी पनि पत्नीको पवित्र नातासम्बन्ध स्थापित गरिसकेपछि आफ्नो पत्नीलाई बेच्ने आपराधिक मनसाय राखी विभिन्न आपराधिक मनसाय राखी विभिन्न आपराधिक सञ्जालमा आवद्ध व्यक्तिसँग सम्पर्क स्थापित गरी त्यस्ता व्यक्तिको साथमा श्रीमती जिम्मा लगाई प्रतिवादी नेपाल फर्की आएको छ । प्रतिवादीहरू भारतबाट नेपाल फर्कने क्रममा प्रतिवादीहरू मध्ये मनबहादुरको साथबाट पीडितले प्रयोग गरेको चप्पल, ब्याग समेत फेला परेको छ । सो कुराको पुष्टि बरामदी मुचुल्का र स्वयं प्रतिवादीरूको बयान समेतबाट देखिएको छ । के कति कारणबाट पम्फामायाको चप्पल र ब्याग निज मनबहादुरले आफ्नो साथमा हिँड्नु परेको हो सोको तथ्यपरक जवाफ दिन असमर्थ रहेको हुँदा निज समेतको संलग्नतामा उक्त वारदात हुन गएको पुष्टि हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-०६९४, २०६४-CR-०५५१, २०६५-CR-०७०७, २०६४-RC-०६२ कर्तव्य ज्यान, *नेपाल सरकार वि. सत्यनारायण पासी, नारायण तेली वि. नेपाल सरकार, रामबिलास लोहार वि. नेपाल सरकार, नेपाल सरकार वि. करिक्का भन्ने प्रभु तेली समेत*

वारदात घटिसकेपछि वारदातस्थलमा उपस्थित भई मरिसकेको लासलाई लात्ती समेत हानेको भन्ने तथ्य प्रतिवादी स्वयंले स्वीकार गरेको क्रियासम्मलाई मार्न संयोग परिदिएको भनी अनुमानको आधारमा ठहर गर्न मिल्ने विषय होइन । यस्तो अवस्थामा ज्यानसम्बन्धीको १७(३) आकर्षित हुने हुँदा ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने सो हदसम्मको वादी नेपाल सरकारको पुनरावेदन जिकीर मनासिब नदेखिने ।

कपिलवस्तु जिल्ला अदालतको मिति २०६३।२।७ को फैसला केही उल्टी गरी प्रतिवादी करिक्का भन्ने रामविलास लोहार, गोंगे धोवी भन्ने जगतनारायण धोवी र नारायण तेलीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी प्रभु तेलीलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय तथा अर्का प्रतिवादी भुल्लु पासी भन्ने सत्यनारायण पासीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम १ वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन नगर्ने प्रतिवादीहरूमध्ये प्रभु तेली र गोंगे भन्ने जगतनारायण धोवीको हकमा साधक जाहेर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६४।५।२६।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०५५६, उत्प्रेषण, *सन्तबहादुर छन्त्याल वि. गृह मन्त्रालय समेत*

प्रहरी (तेह्रौं संशोधन) नियमावली, २०६४ को नियम ९८(५) को स्पष्टीकरणमा, “यस नियमको प्रयोजनको निमित्त प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण (सिटरोल) मा जन्ममिति, वर्ष महिना र गते समेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिको आधारमा”

भन्ने उल्लेख भएको सन्दर्भमा प्रस्तुत विवादमा निवेदक आफैंले आफ्नो नागरिकता प्रमाणपत्रमा भएको जन्ममिति नै सिटरोलमा उल्लेख गरेको हुँदा अन्यथा गर्न कानून र न्यायको सिद्धान्त मिल्ने देखिँदैन । अर्कोतर्फ निवेदक जस्ता नागरिकहरूले आफूलाई सजिलो हुने गरी आफ्नो जन्ममिति कायम गर्ने उद्देश्यले रिट निवेदन दिने र अदालतले पनि असाधारण अधिकार क्षेत्रअन्तर्गत सहयोग गर्न मिल्ने हुँदैन । तसर्थ महानगरीय प्रहरी पहरागण मुख्यालयले निवेदकलाई आफ्नो अभिलेखअनुसार मिति २०६५।९।५ देखि अवकाश दिने गरी भएको निर्णय र पत्राचार विद्यमान कानूनअनुरूप नै भएको देखिने ।

इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६८ साल जेठ ९ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको रिट नं. ०२६२, उत्प्रेषण मिश्रित परमादेश, *भवनाथ झा वि. जिल्ला जनस्वास्थ्य कार्यालय पर्सा वीरगञ्ज समेत*

निवेदकको सरूवा एउटै जिल्लाअन्तर्गत भएको, निवेदकले निवेदनमा उल्लेख गरेको रोग (Hypertensia) उपचारबाट नियन्त्रणमा रहन सक्ने खालको रोग भएको र त्यसको उपचार समुचित औषधिको प्रयोगले निवेदक सरूवा भएको स्थानमा पनि नहुन सक्ने भन्ने नदेखिएको एवं निवेदकको सरूवा साधिकार निकायबाट नै भएको र निवेदकको सरूवा हुनै नसक्ने अन्य कुनै आधार समेत नदेखिएको हुँदा निवेदन दावीबमोजिमको रिट जारी हुन नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-०२४१, भ्रष्टाचार, *हेमराज अधिकारी वि. नेपाल सरकार*

प्रतिवादीको विवादित प्रमाणपत्रका सम्बन्धमा सो प्रमाणपत्र जारी गर्ने माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीमा प्रमाणीकरणको लागि पठाउँदा सो परिषद्ले “परीक्षार्थीका नाम हेमराज अधिकारी, पिताका नाम चूडामणि अधिकारी, परीक्षा हाइस्कूल,वर्ष १९९२, अनुक्रमाङ्क १७२७७६७, योग २३०, श्रेणी तृतीय, केन्द्रका नाम जनता इन्टरकलेज पुरनदरपुर, महाराजगञ्ज उल्लेख भई कैफियत महलमा प्राप्ताङ्क ०१९/६०० नं. की २३०/६०० एवं परीक्षाफल अनुत्तीर्ण न. की तृतीय श्रेणी मे उत्तीर्ण” भन्ने व्यहोरा उल्लेख गरी यी प्रतिवादीको प्रमाणपत्र सक्कली नभएको अर्थ स्पष्ट हुने गरी जवाफ पठाएको देखिँदा निजले पेश गरेको प्रमाणपत्रलाई आधिकारिक वा सक्कली मान्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल चैत २२ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. ०२५२, कर्तव्य ज्यान, *चन्द्रदेव रेग्मी (जैसी) वि. नेपाल सरकार*

वारदातस्थलमा भएको चप्पल आफ्नै हो भनी प्रतिवादीले अदालतको वयानमा समेत स्वीकार गरेको व्यवस्था देखिँदा र मौकामा कसूर गरेकोमा साविती भई प्रतिवादीले गरेको वयानलाई पूर्णकला रेग्मी समेतको बकपत्रबाट पुष्टि भएको देखिएकोले शुरू दैलेख जिल्ला अदालतले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०६६।११।१९ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी र मृतकको बीचमा सो वारदात हुनुभन्दा केही समय अगाडिसम्म तास खेलेको र रक्सी संगै बसी खाएको देखिन्छ । प्रतिवादीले पूर्व रिसइवी मनमा राखी घातक हतियार प्रयोग गरी मारेको नभई रक्सी खाई तास खेल्दा जितेको पैसा नदिएको कारण मृतकसँग झगडा हुँदा तत्काल रिस उठी ढुंगाले हान्दा मृतकको मृत्यु भएको देखिएकोले निज प्रतिवादी चन्द्रदेव रेग्मी जैसीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद सजाय गर्दा चर्को पर्न जाने भएकोले अ.वं १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन

अदालत सुर्खेतबाट व्यक्त गरेको राय मिलेकै देखिदा सो समेत सदर हुने ।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०५५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विपन राई समेत*

प्रतिवादीहरू राजु पुलामी र विपन राईले मृतक चन्द्रबहादुर राईलाई चोट छाडेको र मर्नेको जीउमा हात हाली पक्री समाती मार्नलाई संयोग पारी दिएको भन्ने नदेखिँदा अभियोग माग दावीअनुसार ज्यानसम्बन्धी महलको १३(४) नं. को कसूर अपराध प्रतिवादीहरू राजु पुलामी र विपन राईबाट भए गरेको नदेखिने ।

काठमाडौंदेखि नै प्रतिवादी विपन राई र राजु पुलामी प्रतिवादी तुलराम राईका साथ लागी मृतकलाई मार्ने कार्यमा संयोग पारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसारको कसूर अपराध गरेको पुष्टि भएकोले निजहरूलाई सोही नं. बमोजिम जनही ५ वर्ष कैद सजाय गर्ने ठहऱ्याएको संखुवासभा जिल्ला अदालतको मिति २०६५।८।९ गतेको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको मिति २०६६।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको फौ.पु.नं. ०७५४, कर्तव्य ज्यान, *पुष्प लामा तामाङ वि. नेपाल सरकार*

प्रतिवादीको अदालतसमक्ष भएको बयान इन्कारी देखिए तापनि सो इन्कारी समर्थित हुने कुनै प्रमाण पेश हुन सकेको पाइँदैन । मृतक सरोज खड्गीलाई कुटपीट गरी मार्नेमा यी प्रतिवादी समेतको संलग्नता रहेको भनी मिसिल संलग्न अन्य प्रमाणले पुष्टि गरिरहेको अवस्थामा यी पुनरावेदक प्रतिवादीको केवल इन्कारी बयानकै आधारमा मात्र सफाई पाउन सक्ने स्थिति नदेखिने ।

पुष्प लामा तामाङलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरी शुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।९।२ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।८।३० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको CR-०५३३, लागू औषध, *दलसिँह तामाङ्ग वि. नेपाल सरकार*

बरामद भएको लागू पदार्थको मात्रा (Quantity) समेत ३०० ग्राम देखिएको उक्त लागू औषध उच्चकोटी (High Quality) को ब्राउन सुगर देखिएको समेत स्थितिमा त्यस्तो लागू पदार्थ त्यति मात्रामा साथमा राखेर हिँडिरहेको अवस्थामा प्रतिवादी पक्राउ परेको देखिँदा उक्त कार्य गम्भीर प्रकृतिको अपराध समेत देखिन आयो । त्यति धेरै मात्रामा प्रतिवादीको साथबाट ब्राउन सुगर जस्तो उच्चकोटीको लागू पदार्थ बरामद भएको समेत स्थितिमा केवल प्रहरीमा भएको बयान स्वेच्छापूर्वक भएको होइन भनी अदालतमा इन्कार रहेकै आधारमा मात्र अभियोग दावीबाट उन्मुक्ति पाउन नसक्ने हुँदा प्रतिवादी दलसिँह तामाङ्गलाई लागू औषधको बिक्री वितरण खरीद सञ्चय राख्ने कार्य तथा ओसारपसार गरेको अभियोगमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (३) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र पाँचलाख जरीवाना हुने ठहर गरेको शुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।५।२० को फैसला मुनासिब भै मिलेको देखिँदा सदर हुने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको फौ.पु.नं. ०५८८, कर्तव्य ज्यान, *जयबहादुर घिसिङ वि. नेपाल सरकार*

मिसिल संलग्न कारागार कार्यालय चितवन, भरतपुरको च.नं. ७३८, मिति २०६७।८।२० को पत्र हेर्दा, "वादी नेपाल सरकार विरूद्ध प्रतिवादी जयबहादुर घिसिङ्ग भएको कर्तव्य ज्यान मुद्दामा कैद सजाय भोगी रहेको प्रतिवादी जयबहादुर घिसिङ्ग क्यान्सर रोग लागी मिति २०६७।७।१९ गते बिहान ५.४५ बजे कालगतिले मृत्यु भएको" भनी उल्लेख भई आएको पाइन्छ । अब मुलुकी ऐन, दण्ड सजायको महलको ३ नं. को कानूनी व्यवस्था हेर्दा "जरीवाना कैद वा बिसौद लागेको मानिस सो असूल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ" ... भन्ने उल्लेख भएको पाइदा यी पुनरावेदक प्रतिवादीलाई अभियोग दावीबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको इन्साफको हकमा सदर हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०६०७, कर्तव्य ज्यान, *सुनीता घिसिङ (तामाङ) वि. नेपाल सरकार*

जाहेरवालाले अदालतमा आई जाहेरी पुष्टि हुने गरी गरेको बकपत्र, मौकामा बुझिएकी माइली घिसिङ्ग, कान्छी भन्ने फूलमाया घिसिङ्ग, बीरबहादुर घिसिङ्ग र रामहरि डिमडुङ्गले अदालतमा गरेको बकपत्र व्यहोरा समेतबाट जाहेरी र प्रतिवादीले गरेको कसूर अपराध पुष्टि भएको र प्रतिवादीले मौकामा र अदालतमा आई गरेको साविती बयान मिसिल संलग्न प्रमाणबाट समर्थित हुन आएको देखिने ।

प्रतिवादी सुनीता घिसिङ्ग (तामाङ) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरेको शुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।८।९ गतेको फैसला मिलेकै देखिंदा सदर हुने ।

खुर्पाजस्तो धारिलो हतियार प्रयोग गरी आमासँग उठेको पूर्व रीसइवी साँध्न १० वर्षे अवोध बालिकालाई हत्या गरेको देखिँदा अ.बं. १८८ नं. को प्रयोग गरी सजाय घटाई पाऊँ भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत ९गते रोज ४शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०६९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवकुमार यादव समेत*

प्रतिवादी होटलबाट आफ्नो घरतर्फ जाने क्रममा अवधलाल यादवको आँप बगैंचामा पुगी आँप बगैंचा रूङ्ने बटोरन तत्मालाई बोलाउँदा निज एक्कासी बिउँझी प्रतिवादीको शरीर समेतमा हातपात गरेपछि रिस उठी टर्च लाइट र मुड्कीले हानेको भन्ने निज प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान समेतबाट खुल्न आएको देखिन्छ । पूर्व रिसइवी नभएको लुकी चोरी नहानेको, जोखिमी हतियारले पनि नहानी उसै मौकामा उठेको रिस थाम्न नसकी टर्च र मुड्कीले हान्दा सोही चोटबाट पीडाको कारणबाट मृतकको मृत्यु भएको देखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को सजाय गर्नुपर्नेमा पुनरावेदन अदालत राजबिराजले ज्यानसम्बन्धीको ५ नं. को कसूर कायम गरी ऐ. को (४) नं. अनुसार भवितव्यमा सजाय हुने गरी प्रतिवादी शिवकुमार यादवलाई २ वर्ष कैद हुने ठहर्‍याई भएको पुनरावेदन अदालत राजबिराजको इन्साफ नमिलेको हुँदा उल्टी भई ज्यानसम्बन्धीको १४ नं. अनुसार प्रतिवादी शिवकुमार यादवलाई १० वर्ष कैद सजाय गर्ने गरी ठहर्‍याएको फैसला मिलेकै देखिँदा शुरू सिरहा जिल्ला अदालतको मिति २०६१।३।१ को फैसला सदर हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०९७२, निर्णय बदर, *मेवालाल यादव समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल समेत*

सुख्खा समयमा माछा मार्न जलासय सुख्खा गर्ने गर्ने गरेकोले सिँचाई नियमावली २०५६ को व्यवस्था

प्रतिकूल भई रिजर्भ्वायर निर्माणको औचित्य समेत पुष्टि होस् भनी सिंचाई विभागको राय भएको र वन विभागको प्रतिनिधि समेतका अध्ययन समितिले माछापालन व्यवसाय सञ्चालनले सिमसारमा प्रतिकूल असर परेको भनी दिएको प्रतिवेदन समेतको आधारमा सरकारी स्वामित्वको जगदीशपुर बाँधमा माछा पालन गर्न पुनरावेदकमध्येका शैलेन्द्रप्रसाद शेरचनलाई पुनरावेदक बाँणगंगा सिंचाई प्रणाली जल उपभोक्ता संस्थाले १० वर्षको लागि दिएको ठेक्का तोड्नेतर्फ कारवाही चलाउन सिंचाई विभागमा लेखी पठाउने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६५।९।६ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०६६।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको फौ.पु.नं. ०६४०, २०६७ सालको फौ.पु.नं. ०८३३, जबर्जस्ती करणी, *भरत रावल वि. नेपाल सरकार, लक्ष्मण रावल वि. नेपाल सरकार*

किटानी जाहेरी पीडितको मौकाको कागज ऐ.को बकपत्र, मौकामा बुझिएका व्यक्तिको किटानी भनाई पीडितको शारीरिक परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको साविती बयानलगायतका सम्बद्ध प्रमाणहरूबाट सामूहिक जबर्जस्ती करणीको वारदात स्थापित भएको र सो कुकृत्यमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नतालाई प्रमाणहरूले पीडिताको विरूद्ध जघन्य अपराध गरेको पुष्टि गरिरहेको अवस्थामा प्रतिवादीहरूको केवल इन्कारी बयानलाई मात्र निर्दोषिताको आधार बनाई वास्तविक अपराधीलाई अभियोग दावीबाट सफाई दिँदै जाने हो भने समाजमा दण्डहीनताको स्थिति सिर्जना हुन जाने ।

प्रतिवादीहरू भरत रावल र लक्ष्मण रावललाई जबर्जस्ती करणीको महलको ३(४) नं. बमोजिम जनही ८(आठ) वर्ष कैद र ऐ. महलको ३(क) नं. बमोजिम सामूहिक जबर्जस्ती करणी गरेकोमा थप ५ वर्ष कैदसमेत जम्मा कैद जनही १३ (तेह्र) वर्ष कैद हुने र निजहरूबाट रू. १,५०,०००।- (एक लाख पचास हजार) जनही क्षतिपूर्ति पीडित रमालाई भराई दिनुपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६६ साल चैत ९ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको दे.पु.नं. ०३३६, ०३३४, ०३३५, फैसला बदर दर्ता बदर, *मु.स. गर्ने पूर्णलाल बज्राचार्य वि. भीमलाल बज्राचार्य समेत, भीमलाल बज्राचार्य समेत वि. ज्ञानकाजी शाक्य समेत, मु.स. गर्ने अष्टलक्ष्मी बज्राचार्य वि.भीमलाल बज्राचार्य समेत*

लिखतहरूबाट विवादित कि.नं. २१७ को जग्गा र त्यसमा बनेको घर बज्राचार्य र शाक्यहरूको साझा देवाली घर भनी उल्लेख भएबाट विवादित घर जग्गा बज्राचार्यको र शाक्यहरूको कुनै एक पक्षको न भै दुबै पक्षको साझा हक हित निहित रहेको पूजा गर्ने, धार्मिक एवं चूडाकर्मसहित भोज खाने इटुँबहालभित्र रहेको साझा आस्थाको प्रतीक देवाली पूजाघर हो भन्ने देखिने ।

देवताको पूजा उपासना गर्ने हक अधिकार समग्र मानव जातिलाई भए पनि माथि उद्धृत गरिएको लेखबाट देवाली पूजा गर्ने, भोज खाने र सामाजिक चूडाकर्म गर्ने अधिकार एवं दायित्व वडा नं. २६ का शाक्य र बज्राचार्य दुबै पक्षलाई मात्र देखिएबाट सार्वजनिक प्रकृतिको देवताको जग्गा र घर रेखदेख, सञ्चालन मर्मत र निर्माणमा सबैको सहयोग आवश्यक हुन्छ । इटुँबहालको देवाली पूजा घरसहित जग्गाको रेखदेख, संरक्षण मर्मत सम्भार दुबै पक्षले गर्नुपर्ने हुन आउँछ । कुनै एक पक्षले त्यस देवस्थलको मर्मत सम्भार समेत पुनरूत्थान गर्न चाहेमा अर्को पक्षले सहयोग गर्नुपर्ने हुन्छ । दुबै पक्षको सहमतिले यस ऐतिहासिक धरोहरको मर्मत सम्भार हुन उपयुक्त हो । तर यो सम्भव नभएमा पनि यस राष्ट्रिय सम्पदाको सुरक्षा, संरक्षण मर्मत र सम्भार गर्नमा कुनै पनि पक्ष बाधक नहुने ।

देवता घरको जग्गा घर अर्को कुनै व्यक्तिको नाममा दर्ता गरी राख्ने गरेको र सो व्यक्तिले तिरो पोत तिरे पनि निजको निजी सम्पत्ति हुन नसक्ने र बिक्री

वितरण, अंशबण्डा, लिलाम समेत हुन नसक्ने सामूहिक हकको सम्पत्ति हो भन्ने देखिन आउने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको फौ.पु.नं. ०३८६, जबर्जस्ती करणी, *रविनकुमार तामाङ वि. नेपाल सरकार*

वस्तुतः वारदातको परीक्षण प्रतिवेदनबाट पीडितको योनी सुन्निएको, पीडा भएको, रगत बगेको भन्ने उल्लेख भएको अवस्थामा जबर्जस्ती करणी भएको हो होइन भनी थप प्रमाणको आवश्यकता र विश्लेषण गरिरहनु पर्ने आवश्यकता नदेखिने ।

एउटी ५ वर्षकी अवोध नावालिकाले आफूमाथि भएको अमानवीय अपराधको बारेमा घटनाको यथार्थ चित्रण गरी मौकामा लेखाएकी र निजको भनाई जाहेरवाली र प्रत्यक्षदर्शी तथा अन्य स्वतन्त्र प्रमाणहरूले पुष्टि गरेको अवस्थामा यी प्रतिवादी रवीन तामाङ निर्दोष रहेछन् भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६६ साल चैत १६ गते रोज ४ शुभम् ।

१७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०२०९, लिखत दर्ता बदर, दर्ता कायम, *पशुपति सेन गुप्ता वि. जगतमान प्रधान समेत*

उपनाम र संक्षिप्त नाम लेख्ने प्रचलनको व्यापकता पाइरहेको अवस्थामा कसले के थर लेख्यो भन्ने मुख्य कुरा नभई निजका पूर्वजको यकीन गरिनु नै न्यायोचित कुरा हो । पिताले शर्मा र उपाध्याय आदि लेख्ने गरेकोमा सन्तानले आफ्नो वास्तविक थर नै लेखे भन्दैमा तिनका बीच सम्बन्ध नरहेको अर्थ गर्न मिल्दैन । त्यस्तै कसैले  बहादुर, प्रसाद र राज आदि मध्ये नाम लेखेनन् भन्दैमा त्यो व्यक्ति नै फरक हो भन्न मिल्दैन । सिफारिश र नागरिकतालगायतका प्रमाणले जंगमानलाई नोछेमानकै छोरा देखाई रहेको अवस्थामा अन्यथा अर्थ लगाउन नमिल्ने ।

हस्तान्तरणको क्रियामा फिरादीको मञ्जूरी रहे नरहेको प्रमाणद्वारा स्थापित हुने कुरा हो । हस्तान्तरण भएको लिखत बदरमा दावी नगर्ने अन्य अंशियारको सो क्रियामा स्वतः मञ्जूरी रहेको मानी निजहरूको खण्ड बदर हुन सक्दैन । यसबाट पनि हस्तान्तरित लिखतमा फिरादीको मञ्जूरी र नामञ्जूरीलाई प्रमाणको रोहमा स्वतन्त्र रुपले हेरिनु पर्ने ।

लिखतमा साक्षी बस्नु वा मञ्जूरीको लिखत हुनुलाई सगोलको आफूखुस गर्न नपाउने सम्पत्ति हस्तान्तरण प्रक्रियामा मञ्जूरी रहेको प्रत्यक्ष प्रमाण हो भने यसका अतिरिक्त मञ्जूरी आचरण तथा अन्य प्रमाणबाट प्रदर्शित हुने कुरा पनि हो । सम्पत्ति हस्तान्तरण गरेर अर्को उपयुक्त सम्पत्ति आर्जन गरिएको र सम्पत्ति हस्तान्तरण गरेर कुनै पारिवारिक दायित्व पूरा गरिएको जस्ता कुरा प्रमाणबाट पुष्टि हुन्छ भने पनि यस्ता कार्यलाई मञ्जूरी नै मान्नु पर्ने भई लिखत बदर गर्नुपर्ने औचित्यको पुष्टि नहुने ।

लिखतमा साक्षी नबेसका वा मञ्जूरीको लिखत नगरेका अंशियारले सो हस्तान्तरणबाट सामूहिक लाभ आर्जन गरेकै देखिए पनि स्वतः निजहरूको खण्ड बदर गरिदिनु पर्दछ भन्नु यान्त्रिक कुरा हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

## तीनभन्दा बढी न्यायाधीशहरू भएको विशेष इजलाससमक्ष पेश गर्नुपर्ने

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६६-WS-००३३, उत्प्रेषण समेत, *शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सार्वजनिक स्वास्थ्य र नैतिकताको रक्षाको लागि तथा कुनै पेशा, रोजगार उद्योग वा व्यापार गर्न कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन सक्ने अधिकार अन्तरिम संविधानको धारा १२ को उपधारा (३) को प्रतिवन्धात्मक खण्ड (५) ले राज्यलाई प्रदान गरेको देखिन्छ । यो प्रतिवन्धात्मक व्यवस्था धारा १२ को उपधारा (३) को खण्ड (च) द्वारा नागरिकलाई प्रदत्त पेशा, रोजगार, उद्योग र व्यापार

गर्ने स्वतन्त्रताको अपवादात्मक व्यवस्था हो । त्यसैले त्यस्तो अपवादात्मक व्यवस्थाअन्तर्गत बनाइएको कुनै कानूनद्वारा उक्त स्वतन्त्रताउपर लगाइने कुनै पनि प्रतिवन्ध वा नियन्त्रण सदैव उचित र तर्कसंगत हुनुपर्दछ । अन्यथा संविधानप्रदत्त मौलिक हक र स्वतन्त्रताउपर अनुचितरूपमा बन्देज लगाउने गरी जारी भएको कुनै पनि कानूनी व्यवस्था अन्तरिम संविधानको धारा १०७(१) बमोजिम यस अदालतबाट अमान्य र बदर घोषित हुने ।

कानूनबमोजिम व्यवसाय दर्ता गरी प्राप्त भएको निर्माण व्यवसायसम्बन्धी इजाजतपत्रको नवीकरण गर्नका लागि नेपाल निर्माण व्यवसायी महासंघको सदस्यताप्राप्त गर्नुपर्ने गरी निर्माण व्यवसायी नियमावली, २०५६ को अनुसूची ५ ले गरेको व्यवस्था सार्वजनिक स्वास्थ्य र नैतिकता कायम राख्नका लागि गरिएको हो भन्न सकिने तर्कसंगत आधार र कारण रहेको देखिँदैन भने नेपाल निर्माण व्यवसायी महासंघ जस्ता कुनै पेशागत संघ संगठनको सदस्यता लिनैपर्ने गरी संविधान र कानूनले कसैलाई बाध्य नगरेको अवस्थामा त्यस्तो संघ संगठनको सदस्यता लिनैपर्ने गरी बलपूर्वक गरिएको नियमावलीको उक्त व्यवस्थाको कुनै वैधानिक उद्देश्य (Legitimate Objective) रहेको समेत देखिन आउँदैन । संविधानप्रदत्त मौलिक हक र स्वतन्त्रताउपर नियन्त्रण गर्ने वा बन्देज लगाउने गरी गरिएको कुनै पनि कानूनी व्यवस्था र त्यस्तो कानूनद्वारा हासिल गर्न खोजिएको उद्देश्यका बीच समेत अर्थपूर्ण तादम्यता रहेको देखिनु पर्दछ । तर नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता लिनुपर्ने गरी अन्तरिम संविधान, निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ समेतले अनिवार्य नगरेको अवस्थामा महासंघको सदस्यता लिनैपर्ने गरी निर्माण व्यवसाय नियमावलीको अनुसूचीले गरेको विवादित व्यवस्थाको नेपालको अन्तरिम संविधान, २०६३ र निर्माण व्यवसाय ऐन, २०५५ को उद्देश्यसँग कुनै तादम्यता रहेको समेत देखिन नआउने ।

संविधानप्रदत्त मौलिक हक तथा स्वतन्त्रताउपर मनासिब माफिकको नियन्त्रणसम्म गर्न सकिने संवैधानिक व्यवस्था र संवैधानिक विधिशास्त्रको मान्यताविपरीत त्यस्तो हक वा स्वतन्त्रताको उपभोगमा अनुचित नियन्त्रण कायम गरी मौलिक हक वा स्वतन्त्रतालाई नै अर्थहीन तुल्याउने गरी भएको निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ को दरखास्त फारामको ५ को (क) र (ख) को व्यवस्थाले अन्तरिम संविधानको धारा १२ को उपधारा (३) को प्रतिवन्धात्मक खण्ड (५) को विपरीत सोही धारा १२ को उपधारा (३) को खण्ड (च) द्वारा प्रदत्त पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने नागरिक स्वतन्त्रतामा अनुचित बन्देज लगाइएको देखिन आउने ।

निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ मा रहेको निर्माण व्यवसायको इजाजतपत्र नवीकरणका लागि दिइने दरखास्त फारामको ढाँचाको ५ नं. को (क) (ख) को व्यवस्थाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च) द्वारा प्रदत्त नागरिकको पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लगाइएको छ भन्ने यस इजलासको ठहर रहेको छ । सो परिप्रेक्ष्यमा यस इजलासको समानान्तर इजलासबाट रिट नं. ०६६-WS-०००४, ०६६-WS-०००८ र २०५८ सालको रिट नं. ६४ (ने.का.प. २०५९ नि.नं. ७०९० पृ. ३००) समेतका उल्लिखित रिट निवेदनमा भएको आदेशसँग सहमत हुन सकिएन । तसर्थ सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४ को (२क) बमोजिम प्रस्तुत रिट निवेदन तीनभन्दा बढी न्यायाधीशहरू भएको विशेष इजलाससमक्ष पेश गर्नुपर्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

## रायबाझी फैसला

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** फौ.पु.नं. २०६३-CR-०६४३, गैंडाको खाग बिक्री व्यवसाय, *नेपाल सरकार वि. ओमबहादुर राना*

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठको रायः**

मुद्दा हेर्ने अधिकारीसमक्ष भएको मुद्दाका पक्षहरूको लिखित साविती बयान वा स्वीकारोक्तिको प्रामाणिक मूल्यलाई प्रमाण कानूनले नै प्रमाणमा बुझिरहन नपर्ने गरी प्रमाणमा ग्राह्य गरेको अवस्थामा

मुद्दा हुर्ने अधिकारीसमक्ष आरोपित कसूर गरेको कुरामा सावित भई प्रस्तुत मुद्दाका प्रतिवादीहरूले गरेको साविती बयानलाई निजहरूका विरूद्ध प्रमाणमा लिनु पर्ने ।

कसूर गरेको कुरामा सावित भई एक अर्कोलाई पोल समेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान निजहरूले परस्पर पोल गरेको बयान व्यहोराबाट समर्थित भएको देखिएको र प्रमाण ऐन, २०३१ को दफा ४(१)(क) तथा ९(१) बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष निजहरूले गरेको साविती बयानलाई निजहरूका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिँदा प्रत्यर्थी प्रतिवादी ओमबहादुर राना मगरलाई अभियोग माग दावीबाट सफाई दिने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी भई निजले पटक पटक खाग बिक्री गरेको भन्ने देखिएको हुँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ११(१) को कसूरमा ऐ.को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना हुने ।

**मा.न्या.श्री मोहनप्रकाश सिटौलाको रायः**

मुद्दाको अनुसन्धानकर्ता, अभियोजनकर्ता र निर्णयकर्ता समेत एउटै निकाय रहेको अवस्थामा सो निकायमा अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष भएको प्रतिवादीहरूको साविती बयान र सहअभियुक्तहरूको पोललाई प्रमाणमा ग्रहण गर्दा सावधानीपूर्वक विचार गरिनुपर्दछ । त्यस्तो साविती र सहअभियुक्तको पोल मिसिल संलग्न अन्य स्वतन्त्र र वस्तुनिष्ट प्रमाणबाट समर्थित भएको अवस्थामा प्रमाणमा ग्राह्य हुन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूले शुरू कार्यालयमा गरेको साविती बयान र परस्पर गरेको पोल मिसिल संलग्न अन्य कुनै पनि ठोस सबूद प्रमाणबाट समर्थित भएको अवस्था देखिँदैन । मुख सावित हुनु र अपराध गर्नु फरक-फरक कुरा हुन् । अपराधजन्य कार्य भए गरेको प्रमाणबाट पुष्टि र समर्थित भएमा मात्र कसूरदार ठहऱ्याई अभियुक्तलाई सजाय गरिन्छ । फौजदारी न्याय सिद्धान्तको स्थापित मान्यता पनि यही हो । बिना दशी प्रमाणको साविती कहिल्यै पनि आपराधिक कार्य हुँदैन र दण्डनीय पनि हुँदैन । यदि त्यस्तो साविती मात्रलाई आधार मानी अपराध गरेकै हो भनी आत्मगत सोचाई राखी नागरिकलाई दण्ड गर्दै जाने हो भने व्यक्तिका मौलिक हक, कानूनी हक र प्रमाण कानूनका प्रावधानहरू सबै निस्तेज र निष्क्रिय हुन्छन् । अनि त्यस्ता भावावेशपूर्ण निर्णयहरूबाट न्यायको स्थापित मान्य सिद्धान्तहरू धराशायी हुन्छन् जुन कानूनी राज्यमा घातक सिद्ध हुने ।

प्रतिवादी ओमबहादुर राना मगरलाई कसूरदार ठहऱ्याएको शुरू शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय उल्टी गरी निजलाई अभियोग माग दावीबाट सफाइ दिने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६३।८।४ को फैसला मनासिब देखिँदा सदर हुने ।

प्रतिवादीलाई अभियोग माग दावीबाट सफाई दिएको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी गर्ने गरेको सम्मानीय प्रधान न्यायाधीशज्यूको रायसँग सहमत नभएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) (क) बमोजिम निर्णयार्थ पूर्ण इजलाससमक्ष पेश गर्नू ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको फौ.पु.नं. २०६३-CR-०६६०, गैंडाको खाग बिक्री व्यवसाय, *नेपाल सरकार वि. ओमबहादुर राना समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. ३२४६, उत्प्रेषण, *उपेन्द्रकुमार नेपाल समेत वि. श्रम कार्यालय बागमती अञ्चल समेत*

**मा.न्या.श्री बलराम के.सी. को रायः**

ट्रेड यूनियन ऐन, २०४९ को दफा २५ मा ट्रेड यूनियन दर्ता खारेज गर्ने उजूर गर्नको लागि कुनै समय सीमा तोकेको देखिदैन भने दर्ता कायम रहनु पर्दछ भन्ने यूनियनले दर्ता कायम रहन आवश्यक पर्ने शर्त जस्तै २५ प्रतिशत सदस्यता कायम भएको व्यहोरा सदैव निरन्तर कायम रहनु पर्दछ र कसैले उजूरी गर्दछ भने देखाउन पनि सक्नु पर्दछ । दावी विरोधमा उजूर नपर्दैमा २५ प्रतिशत कायम नरहेका यूनियनको

पूरै अवधि दर्ता कायम रहन सक्ने व्यवस्था देखिन नआउने ।

सक्रिय रूपमा सशक्त जीवन्त यूनियन भए आफ्नो हकअधिकारको लागि किन यति ढिलो गरी रिट दायर भयो भन्ने मनासिब आधार कारण रिट निवेदनमा स्पष्टरूपमा उल्लेख गर्न सकेको देखिँदैन । ऐनको प्रावधानबमोजिम २५ प्रतिशतभन्दा बढीको सदस्यता कायम रहेको भए अति बिलम्ब हुने थिएन । यसबाट पनि उनको जिकीर समर्थित हुन सकेको देखिँदैन । आफ्नो हक अधिकारप्रति सचेत नरहने अतिविलम्ब गरी अदालत प्रवेश गरेका निवेदक यूनियनलाई बिलम्बको सिद्धान्तको आधारमा सहयोग गर्न नमिल्ने ।

**मा.न्या.श्री अवधेशकुमार यादवको रायः**

प्रजातान्त्रिक शासन व्यवस्थामा कामदार कर्मचारीको लागि ट्रेड यूनियनको अधिकारलाई महत्वपूर्ण र संगठित हुन पाउने अधिकारको रूपमा लिइन्छ । हाम्रो वर्तमान अन्तरिम संविधानको पनि संगठित हुन पाउने अधिकारलाई मौलिक हकको रूपमा स्वीकारेको छ । यस्तो अधिकारलाई गम्भीर कानूनी त्रुटि बाहेकको अवस्थामा कुनै पनि बहानाबाजीमा Curtail गर्न सकिँदैन । एकपटक दावी विरोध गर्न मौका प्रदान गर्दा दावी विरोध नगरेको अवस्थामा २ वर्षको लागि नवीकरण भैसकेपछि गम्भीर जालसाजीयुक्त कारवाही भएको तथा यूनियनले आफैं दर्ता खारेजी माग गरेको अवस्थामा बाहेक दर्ता खारेज हुन नसक्ने ।

प्रस्तुत रिट निवेदनको सन्दर्भमा निवेदक एक ट्रेड यूनियन भन्ने देखिन्छ । यसले कसैउपर मुद्दा हाल्दा वा आफूउपरको मुद्दामा प्रतिरक्षा गर्दा कार्य समितिबाट प्रक्रिया पूरा गरी निर्णय गराई अधिकार प्रत्यायोजन गरी गर्ने गरिन्छ । यस्तोमा एउटा Single Natural Person को जस्तो सहज नभै केही समय लाग्नु स्वाभाविक हुन्छ । मिति २०६२।४।१२ मा श्रम अदालतबाट निर्णय भएपश्चात् पूर्ण पाठ तयारीका लागि केही समय लाग्ने र नक्कल लिए पछि रिट निवेदन तयारीको लागि समेत केही समय लाग्नु स्वाभाविक हुन्छ । मिति २०६२।४।१२ मा भएको फैसलाउपर मिति २०६२।१२।११ मा ८ महिनाभित्रै रिट निवेदन दायर भैसकेको अवस्थामा बिलम्बको सिद्धान्त आकर्षित हुन नसक्ने ।

माननीय न्यायाधीश बलराम के.सी.को रायसँग सहमत हुन नसकेकोले छुट्टै राय प्रस्तुत गरेको छु । दायरीको लगत कट्टा गरी नियमानुसार पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६२ सालको रिट नं. ३२४७, उत्प्रेषण परमादेश समेत, *उपेन्द्रकुमार नेपाल समेत वि. श्रम कार्यालय बागमती अञ्चल समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## एकल इजलास

१

**मा.न्या.श्री बलराम के.सी.** २०६७ सालको रिट नं. WO-०८८९, परमादेश, *रामबहादुर शाह वि. महानगरीय प्रहरी वृत्त महाराजगञ्ज समेत*

निवेदकका बाबुको उपचारको क्रममा स्वाभाविक निधन भएको देखिएको, उपचारका क्रममा बिरामीको गम्भीर अवस्थाका कारण सि.सि.यू. मा भर्ना गर्न दिइएको सुझाव आर्थिक अभावका कारण स्वयं निवेदकको तर्फबाट अस्वीकार गरेको देखिएको, मृत्युको कारण Septic Shock भन्ने देखिएको, स्थापित अस्पतालमा कार्यरत चिकित्सकले उमेरको उत्तरार्धमा पुगेका निवेदकका बाबुलाई लापरवाही तरीकाले गलत औषधि दिई मार्नुपर्ने कुनै कारण नदेखिएको र घटनाको तहकीकातका लागि जाहेरी समेत दर्ता भै सकेको परिप्रेक्ष्यमा स्रोत, साधन, प्रविधि र मौजुदा कानूनी प्रावधानको परिधिभित्र रही के कसरी घटनाको अनुसन्धान तहकीकात समेतको कार्य सम्पादन गर्ने भन्ने कुरा विपक्षी प्रहरी कार्यालयको क्षेत्राधिकारको विषय भएकोले कानूनविपरीतको कार्य नभएसम्म यस अदालतबाट विपक्षीको कार्यमा हस्तक्षेप गर्न नमिल्ने ।

Prima Facia रूपमा नै निवेदकको निवेदन माग Stand हुने कुनै आधार नदेखिनुको साथै विपक्षीका कामकारवाही कानूनअनुरूपकै देखिएकोले निवेदन

मागबमोजिम आदेशका लागि विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु पर्ने नदेखिने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर,** २०६७ सालको रिट नं. ०६७-WO-०८०८, उत्प्रेषण, *गोमादेवी पराजुली समेत वि. गृह मन्त्रालय समेत*

करकापपूर्वक कागज गराएमा वैकल्पिक उपचारको मार्ग भएको देखिएको,काठमाडौंमा भएको जग्गाको जग्गाधनी पूर्जा ल्याउनु, देखाउनु भनी प्रमुख जिल्ला अधिकारीले कुनै निर्णय गरेको भनी निर्णय देखाउन नसकेको अवस्थामा उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा रिट निवेदनको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदनमा लिखित जवाफ मगाइरहनु परेन प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल फागुन १३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको WO-११२५, उत्प्रेषण समेत, *कमल राई वि. डम्बरकुमार लिम्बू समेत*

वादीले विपक्षी डम्बरकुमार लिम्बू समेतउपर मोरङ जिल्ला अदालतमा दायर गरेको जालसाजी र लिखत बदर मुद्दामध्ये जालसाजी मुद्दामा विपक्षी तर्फबाट मोहनप्रकाश सिटौला कानून व्यवसायीको रूपमा नियुक्त भएको र उनै मोहनप्रकाश सिटौला समेतबाट लगाउको लिखत बदर मुद्दामा २०६६।३।२१ मा फैसला भए गरेकोले सो कार्य प्राकृतिक न्यायको सिद्धान्त र न्यायाधीशको आचारसंहिता २०६५ को ६.४ विपरीत सो २०६३।३।२१ को फैसला बदर गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम पुनरावेदनको लगतमा दर्ता गर्नू गराउनू भन्ने परमादेश लगायतको आदेश पूर्जी गरिपाऊँ भन्ने निवेदकको माग दावी भएकोमा २०६६।३।२१ गतेको फैसला विरूद्ध २०६८।२।२४ मा निवेदन गर्न आएको पाइन्छ । बिलम्ब हुनुपर्ने उचित र उपयुक्त कारण समेत निवेदनमा उल्लेख गर्न सकेको देखिँदैन । यसको साथै २०६६।३।२१ गते फैसला गर्ने मा.न्या. ले उल्लिखित जालसाजी मुद्दामा कानून व्यवसायीको हैसियतले बहस गरेको भन्ने कुरा स्वयं निवेदकले भन्न नसक्नुका अतिरिक्त दावी गरेको २०६० सालको दे.पु.नं. ८४९९ को लिखत बदर मुद्दामा पनि फैसला गर्नेसम्मको संलग्नता हुँदा प्रस्तुत रिट निवेदनमा कारण देखाउ आदेश जारी गरिरहनु नपर्ने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
इति संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम् ।

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्**

**ठेगाना**
**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढन र अर्को निर्णय नभएसम्म निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

सर्वोच्च अदालतलगायत जुनसुकै अदालत
तथा
न्यायिक निकायमा आफ्नो काम
कारवाहीसँग सम्बन्धित कुनै गुनासो, पीरमर्का,
अनियमितता, ढिलासुस्ती जस्ता विषयमा
सम्बन्धित सेवाग्राही
एवं
न्यायका उपभोक्ताहरूले
सीधै आफ्नो मौखिक गुनासो, उजूरी, शिकायत
र
सुझाव दिन सर्वोच्च अदालतको
कुनै शुल्क नलाग्ने टेलिफोन नम्बर
**(Toll Free Number)**
**१६६०-०१-३३३-५५**
मा सम्पर्क गर्न सकिने छ।